# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



२५५३ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारमा संचालित रक्तदान कार्यक्रममा सहभागी रक्तदाताहरू

वर्ष-२७, अङ्क-२ बु.सं. २५५३, ज्या:पुन्हि

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाइँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ– सम्पादक मण्डल हुने छैन ।

## ▪ विषय-सूचि ▪


| क्रसं | विषय | लेखक | पेज नम्बर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | – | १ |
| २. | सम्पादकीय– धर्मप्रचार र उन्नति | – | २ |
| ३. | सही वन्दना | – सत्यनारायण गोयन्का | ३ |
| ४. | धम्मपद–२११ | – रीना तुलाधर | ५ |
| ५. | मैत्री केन्द्र बाल आश्रमलाई सहयोग | – | ५ |
| ६. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | – | ५ |
| ७. | बुद्धशासनको इतिहास–८ | – भिक्षु अमृतानन्द | ६ |
| ८. | केही बौद्ध विश्वासहरू...८ | – ले.के. श्रीधम्मानन्द, अनु. वरदेश मानन्धर | ७ |
| ९. | कर्म र ज्ञान | – नरेन्द्रनाथ भट्टराई | ८ |
| १०. | धर्म भनेको यस्तो पो | – स्वस्तिका थापा | ९ |
| ११. | योग अभ्यास विधि–भाग ४७ | – डा. गोपाल प्रधान | १० |
| १२. | बुद्धः आस्था, निष्ठा र प्रेरणास्रोत | – राजेशकुमार श्रेष्ठ | ११ |
| १३. | धर्मकीर्ति विहार–गतिविधि | – | १२ |
| १४. | धर्म प्रचार–समाचार | – | २० |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।
- छिं थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया थूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ– 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया बीफु ।

Downloaded from http://www.dhamma.digital

*प्रमुख व्यवस्थापक*
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरु*
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*
**ध्रुवरत्न स्थापित**

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
फोन: ४२५ ९४६६

*प्रधान सम्पादक*
**भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

*कार्यालय*
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

| | |
|---|---|
| बुद्ध सम्वत् | २५५३ |
| नेपाल सम्वत् | ११२९ |
| इस्वी सम्वत् | २००९ |
| बिक्रम सम्वत् | २०६६ |

| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. २५/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
**A Buddhist Monthly**

**7th JUNE 2009**


| वर्ष- २७ | अङ्क- २ | ज्या:पुन्हि | ज्येष्ठ २०६६ |
|---|---|---|---|





दण्ड देखेर सबै डराउँछन्, मृत्यु देखेर सबै काँप्दछन्, त्यसकारण आफू झैं सम्झि प्राणीलाई हिंसा नगर्नु र नगराउनु ।

दण्ड देखेर सबै डराउँछन्, सबैलाई ज्यानको माया छ, त्यसकारण आफू झैं सम्झी प्राणीलाई आघात नगर्नु र नगराउनु ।

आफ्नो सुखको लागि सुखकामी प्राणीलाई जसले दण्डद्वारा हिंसा पीडा दिन्छ, त्यसले परलोकमा सुख पाउँदैन ।

■ सम्पादकीय ■

# धर्मप्रचार र उन्नति

बुद्ध शिक्षानुसार धर्म भनेको नै आफ्नो र अरूको भलो सोची शुद्ध चित्तले गरिने असल काम र कुरालाई भनिन्छ। अर्को भाषामा भन्ने हो भने आ-आफ्ना खराब चरित्र सुधारी गरिने कार्यलाई नै धर्म भनिन्छ। त्यसैले भगवान् बुद्धले विशेष गरी शील (सदाचरण, राम्रो बानी व्यवहार), समाधि (चित्त चंचल नगरी असल कार्यमा चित्त एकाग्रह पार्ने) र प्रज्ञा (विवेक बुद्धि) आदि विषयमा शिक्षा दिदै गर्नुहुन्छ। यी ३ तत्वहरू धर्मका मूल्य अंग हुन्। भगवान् बुद्धले धर्म प्रचार गर्नुभन्दा पहिले आफू सुचरित्रवान् र असल व्यक्ति बन्नु भयो।

सर्वप्रथम उहाँले धर्मप्रचार गर्नुहुने भिक्षुहरूलाई योग्य धर्मदूत वनाउनु भयो। अनि मात्र धर्मप्रचार कार्य अगाडि बढाउनु भयो।

धर्म प्रचार गर्ने तरीका थरीथरीका छन्। ती मध्ये केही बुँदाहरू यहाँ उल्लेख गरिएका छन्।

(१) असल चरित्र–

धर्म प्रचार गर्ने व्यक्ति (धर्मदूत) चरित्रवान् हुनुपर्छ। असल चरित्र, राम्रो व्यवहार सहितको धर्मदूत प्रति धर्म श्रवण गर्ने श्रोतावर्ग वढि प्रभावित हुन्छन्। त्यसैले धर्म प्रचार गर्ने व्यक्तिको योग्यता भनेको असल चरित्र हो।

(२) सेवाभाव–

समाजमा उपकार हुने स्वास्थ सेवा, शिक्षा सेवा, रक्तदान आदि जस्ता रचनात्मक कार्यहरू गर्नुपनि एक प्रकारको धर्मप्रचार कार्य नै हुन जान्छ।

(३) प्रवचन–

धर्म संम्बन्धि प्रवचन र धर्मदेशना कार्यक्रम संचालन गरेर पनि धर्मप्रचार गर्न सकिन्छ।

(४) पुस्तक एवं पत्रपत्रिका प्रकाशन गर्नु–

धर्म सम्बन्धी ज्ञानवर्द्धक पुस्तक, पत्रिका एवं अन्य प्रचार सामग्रीहरू प्रकाशन गरी वितरण गर्ने।

(५) अरूलाई हानी नहुने गरी जीवन यापन गर्नु–

अरूलाई अप्ठयारो र वाधा विघ्न नहुने गरी निर्दोष पूर्वक जीवनयापन गर्नुलाईपनि आजकलको प्रचलित धर्म प्रचार विधिको रूपमा लिइएको छ।

यति मात्र होइन भगवान बुद्धले हाम्रो जीवन उन्नति पथतर्फ डोऱ्याउनुको लागि हामीले पालन गर्नुपर्ने केही बुँदाहरू वताउनु भएको छ। ती बुँदाहरू यसरी रहेका छन्।

(१) उट्ठानवतो–

उत्साही हुने, हतोत्साहि नबन्ने।

(२) सतिमतो–

सदैव सचेत र सर्तक हुने।

(३) सुचिकम्मस्स–

शुद्ध, निर्दोषपूर्ण कार्य गर्ने।

(४) निसम्म कारिनो–

दूरदर्शी ज्ञान हुनु र मन लगाई काम गर्ने।

(५) सञ्ञतस्स–

पञ्चइन्द्रियहरूलाई संयममा राख्ने।

(६) धम्मजीविनो–

धर्म अनुसारको जीवन विताउने।

यी अमूल्य उपदेशका साथै भगवान बुद्धले उत्साहका लक्षण वताउनु हुँदै भन्नु भएको छ, हामीले जुन काम गर्छौं, त्यसमा दक्षता प्राप्त गर्न सक्नु पर्दछ अल्छी बन्न हुन्न। उहाँले भन्नु हुन्छ–

**"विरियेन दुक्खं अच्चेन्ति"**

आफूले गरेको कार्यक्रममा कुशलतापूर्वक व्यवस्था गर्न सक्नु पर्दछ अर्थात् उत्साही हुन सके मात्र दुःखको अन्त्य हुनेछ।

भगवान बुद्धले धर्म प्रचार गर्नु भएको मूख्य लक्ष्य नै मानिसलाई असल बनाउनको लागि हो। धर्माचरण गराई शान्ति स्थापना गर्नको लागि हो। किनभने धर्माचरण भए मात्र मानिस कर्त्तव्य परायण र विश्वास पात्र बन्न सक्नेछ। यस्ता सदाचारी व्यक्तिहरूको वाहुल्यता रहे मात्र समाजमा शान्तपूर्ण वातावरणको उदय हुनेछ। धर्म प्रचारको अर्थ पनि यही नै हो।


Downloaded from http://www.dhamma.digital

# सही वन्दना

■ सत्यनारायण गोयन्का

भक्तले आफ्नो आराध्य देवदेवीको वन्दना कसरी गर्ने ? धर्मको सत्यलाई भित्रैदेखि जानेको छ भने उनको गुणलाई सम्झेर त्यसबाट प्रेरणा प्राप्त गर्नु पर्छ । त्यस गुणलाई आफू भित्र जगाउने, आफ्नो जीवनमा उतार्ने प्रयत्न गर्नुपर्छ । यही सही अर्थमा भक्ति हुन्छ, यही सही वन्दना हुन्छ ।

**त्यस्तै श्रेष्ठि अनाथपिंडिकसंग सम्बन्धित एक घटना–**

कोशल देशको राजधानी श्रावस्ती सेठ अनाथपिंडिकले आफ्नो एक करोडको सम्पति लगाएर जेतवन विहार बनाए । भगवान वर्षावासको समयमा त्यस विहारमा बस्नु हुन्थ्यो र धर्म सिकाउनु हुन्थ्यो । वर्षावास पश्चात् धर्म चारिकाको लागि घुम्दै अन्य प्रदेशमा जानुहुन्थ्यो र धर्म सिकाउनु हुन्थ्यो । भगवान जेतवन विहारमा रहनुहुँदा विहारमा जति चहलपहल हुन्थ्यो, उहाँको अनुपस्थितिमा धेरै कम हुन्थ्यो । वातावरणमा त्यति सजिवता देखिदैनथ्यो, एकदम फिका देखिन्थ्यो । केही नगर वासीहरू विहारमा आउँथे, भगवानको खाली निवास सामून्ने श्रद्धा पूर्वक फूल चढाउँदथे र फर्कन्थे । तर उनीहरूलाई सन्तोष थिएन । श्रद्धा व्यक्त गर्नको लागि कुनै ठोस आधार चाहिन्थ्यो । श्रेष्ठि अनाथपिंडिकलाई भगवानको कमी महसूस भयो । भगवानको अनुपस्थितिमा त्यहाँ कुनै मन्दिर होस् भन्ने भक्तजनको मनसाय थियो । मन्दिर भएमा आफ्नो श्रद्धा अर्पण गर्न सकिन्थ्यो । यसरी श्रद्धा व्यक्त गर्ने त्यस बेलाको प्रचलन थियो । मानिसहरू आफ्नो श्रद्धा भजन देवी, यक्ष, ब्रह्मा अथवा सन्तहरूको नामका चैत्य अथवा मन्दिर बनाई व्यक्त गर्दथे । ती मन्दिरहरूमा आफ्नो ईष्ट देवताको चिन्ह स्थापित गर्दथ्यो । पत्र-पुष्प चढाउँदथ्यो, धूप-दीप बाल्दथ्यो, भाकल गर्दथ्यो र पूरा भएपछि मंगल उत्सव मान्दथ्यो । यसरी देवस्थानमा रमझम,चहलपहल भैरहन्थ्यो ।

श्रेष्ठि अनाथपिंडिक पनि जेतवन विहारमा यस्तै होस् भन्ने चाहन्थ्यो ता कि भगवानको अनुपस्थितिमा पनि यस्तै चहलपहल बनीरहोस् । उनले आफ्नो मनोकामना भिक्षु आनन्दको समक्ष प्रकट गरे । आनन्दले यो कुरा भगवान् समक्ष पेश गरे । उनले प्रश्न गरे, "भन्ते, भगवान ! चैत्य कति प्रकारका छन् ?"

भगवानले भन्नुभयो, "तीन प्रकारका छन्– शारीरिक, उद्देसिक र पारिभोगिक ।" आनन्दले फेरि सोधे, "भगवान ! बुद्धको जीवनकालमा नै उनको नाममा चैत्य बनाउनु हुन्छ र ?"

भगवानले भन्नुभयो,"शारीरिक चैत्य तथागतले शरीर त्यागे पछि तिनको अस्थि-अवशेषमाथि बनाइन्छ । उद्देसिक चैत्य आफ्नो मनोकामना पूर्ति गर्नको लागि मूर्ति, ईष्ट देवदेवीको चिन्ह आदि राखेर बनाइन्छ । पारिभोगिक चैत्य भने तथागतको जीवनकालमा नै बनाउन सकिन्छ ।"

आनन्दले अनाथपिंडिकको इच्छा सामू राख्दै जेतवनमा पारिभोगिक चैत्य स्थापना गर्ने स्वीकृति माग्यो, ता कि भगवानको अनुपस्थितिमा पनि जेतवनमा चहल-पहल बनिरहुन् ।

भगवानको परिनिर्वाण पश्चात् उहाँले उपयोग गर्नुभएको भिक्षापात्र, चीवर आदि वस्तुहरू राखेर चैत्य निर्माण गरिन्छ भन्ने त निश्चित थियो । परन्तु उहाँको जीवनकालमा नै यस्तो परम्परा स्थापित गर्न चाहन्थ्यो ता कि यस्को अर्थ स्वस्थ तथा कल्याणकारी बनिरहोस् । आफूले उपयोग गरेको भौतिक वस्तु राखेर चैत्य बनाउन उहाँ चाहँदैनथ्यो । निर्वाण प्राप्तीको लागि उपभोग गरेको प्रमुख वस्तु त वोधिवृक्ष थियो । अत: आनन्दको ध्यान आकर्षित गर्दै भगवानले भन्नुभयो, "तथागतको जीवनकालमा नै बोधिवृक्षको पारिभोगिक चैत्य बनाउन सकिन्छ । जस्को छाँयामा बसेर अन्य व्यक्तिहरूले पनि निर्वाण सुख प्राप्त गर्न सकुन् ।"

आनन्दलाई यो कुरा मनपऱ्यो । उनले महामोग्गलायन लाई बोधगयाबाट बोधिवृक्षको बीऊ ल्याउन प्रार्थना गरे । महाराज प्रसेनजित, माता विशाखा तथा अन्य श्रेष्ठि भक्तहरूको उपस्थितिमा जेतवन विहारको मूख्यद्वारमा श्रेष्ठि अनाथपिंडिकले वृक्षारोपण गरे । जब वृक्ष ठूलो हुनथाल्यो त आनन्दको प्रयंत्नले आरोपण गरेको हुँदा त्यसको नाम 'आनन्दबोधि' राखियो ।

आनन्दले भगवानसंग पुन: प्रार्थना गरे कि जसरी उहाँले बोधिवृक्षको मूनि बसेर रातभर साधना गरेको थियो त्यस्तै यस वृक्षको मूनी वसेर पनि साधना गरून् । पहिलो



Downloaded from http://www.dhamma.digital

पल्ट सम्यक् सम्बोधि उत्पन्न हुने साधना त अद्वितीय हुन्छ । तै पनि भगवानले साधकहरूको कल्याणको लागि आनन्दबोधिको मूनि वसेर रातभरी निरोध समापत्तिको साधना गर्नुभयो र त्यस स्थानको अणु-अणुमा निर्वाण धातु र धर्मधातुको तरंगले आप्लावित गरेर चिरकालसम्म पावन बनाउनु भयो ।

सर्वसाधारण सामान्य गृहस्थमात्र होइन अनेक भिक्षुहरू पनि तथागतको साधना सम्वन्धी धर्ममा परिपक्व हुन पाएको थिएन, अत: भगवानको जीवनकालमा नै यस आनन्दवोधि रूपी चैत्यमा श्रद्धा, भक्तिपूर्वक पुष्प आदि चढाएर पूण्य अर्जित गर्दथ्यो र यो परम्परा पछिसम्म पनि विद्यमान रह्यो । परन्तु गम्भीर साधकहरूको एउटा अर्कै परम्परा थियो । उनीहरूको आनन्दवोधिको उपयोग आफ्नो साधना बृद्धिको लागि भगवानको जीवनकालमा र तत्पश्चात पनि गर्दैरह्यो । आनन्दवोधि आज पनि जीवित छ । सम्भवत: यो संसारको सबभन्दा पुरानो वृक्ष हो । भारतवर्षमा पुनर्जागृत विपश्यनाको गम्भीर साधक आज पनि यस वृक्ष मूनि बसेर ध्यान गऱ्यो भने उनीहरूले तुरन्त नै अनित्य बोधको धर्म-तरंग महसूस गर्न थाल्दछन् ।

## मंगल होस् !

मित्र उही हुन्छ जो हाम्रो मंगलमा सहायक हुन्छ, कल्याणकार्यमा सहयोगी हुन्छ, भलाईहुने कार्यमा साथी हुन्छ । यस्तो व्यक्ति जो सुकै भए पनि हितैषी हुन्छ । उनी प्रति कृतज्ञतापूर्ण मंगल मैत्रीको सद्भाव राख्नु नै सर्वथा उपयुक्त हुन्छ, सर्वथा समीचीन हुन्छ ।

यदि कुनै मित्र प्रति कुनै कारणवश हाम्रो मनमा दुर्भावना जाग्दछ भने त्यो हाम्रो दुषित चित्तको परिचायक हो । दुर्भावनाले भरेको चित्तले त्यस मित्रको कुभलो होस् या नहोस् तर आफ्नो हानी भने अवश्य हुन्छ । सामान्य तया हाम्रो दूषित चित्तले हामीलाई ब्याकुल बनाउँदछ । आफ्नो उपकारी मित्र प्रति उत्पन्न भएको दूषित चित्तले त अत्यधिक ब्याकुल बनाउँदछ । यही अनुभूत सत्य हो । यही अनुभव गम्य सत्य हो ।

यदि कुनै मित्र प्रति हाम्रो मनमा सद्भाव जाग्दछ भने त्यो हाम्रो स्वच्छ, सरल चित्तको परिचायक हो सद्भावले भरेको मांगलिक चित्तले त्यस मित्रको जति भलाई गर्दछ, त्यसभन्दा बढी आफ्नो भलाई गर्दछ । सामान्यतया सद्भावना भरीपूर्ण चित्तले आफूलाई हर्षीत पार्दछ । यसभन्दा बढी कुनै उपकारी मित्र प्रति उत्पन्न भएको सद्भावित चित्तले हामीलाई अत्यधिक हर्षीत पार्दछ । यही अनुभूत सत्य हो अनुभवगम्य सत्य हो ।

हुन सक्छ कोही ब्यक्ति कुनै बेला हाम्रो परम मित्र थियो, परम हितैषी थियो, पछि कुनै कारणवश, भ्रांतिवश, स्वार्थपरायणतावश अथवा हाम्रो नै कुनै भूलले यदि आज हाम्रो परम शत्रु भएमा हाम्रो जीवनको तड्कारो बनीरहेमा उसलाई रोक्न बाहिरबाट कठोरभन्दा कठोर व्यवहार गरे तापनि भीत्रबाट उसको प्रति असीम मंगलमैत्री भरीराख्नु पर्दछ । यही मंगलमयी हुन्छ ।

त्यस ब्यक्तिको वर्तमान व्यवहारलाई महत्व नदिएर अतीतमा उसले हाम्रो के उपकार गरेको छ त्यही सम्झौं । त्यसका आधारमा आफ्नो मनको मृदुलता बनाई राखुँ, सद्भाव बनाई राखुँ । बाहिरबाट कठोर चट्टानी पत्थर भएर पनि भित्रबाट छलछलाउने निर्मल निर्झर बनीरहुँ ।

साधकहरू ! मलाई थाहा छ यो सजिलो छैन । जब कोही ब्यक्तिले अनैतिक ब्यवहार गरेमा उसको प्रति तिलमिल भएर रिसाउनु सजिलो छ, उसको प्रति मैत्री जाग्रत गर्नु कठीन छ । परन्तु कठीन भए पनि वास्तवमा गर्नु पर्ने त यही हो । यही त साधना हो । यही त तप हो यही त संग्राम हो । आफू भित्र आफ्नै संग्राम, आफ्नो दुर्बलता प्रति संग्राम । यो संग्राम त जीवन भरको लागि हो ।

सत्य यही हो । होश (सती) को संग्राम दुई-चार क्षणको हुन्छ । शूरको संग्राम दुई-चार पलको हुन्छ । रण-भूमिमा उत्रीयो दुई-चार हान-थाप हुन्छ, खेल समाप्त हुन्छ । तर साधकको संग्राम त जीवन भर चल्दछ ।

**शूर संग्राम है घडी दो-चारका,**
**सती संग्राम पल चार भाई ।**
**संत संग्राम है रात-दिन जूझना,**
**देह परयन्त का काम भाई ॥**

रात दिन जुझ्नु नै छ । देह-पर्यन्त जुझ्नु नै छ । अनीति र अन्यायपूर्ण परिस्थितीहरू जीवनमा जब-जब आउँदछ तब एक त मनको प्रतिकार गरिरहनु पर्दछ अर्को रोम-रोममा मंगल भावहरू परिपुरित गरिराख्नु पर्दछ । मंगल होस् ! कल्याण होस् ! भलो होस् !

*(साभार- कार्तिक २०५४, बर्ष १४, अङ्क ७)*



Downloaded from http://www.dhamma.digital

# धम्मपद - २२१

■ रीना तुलाधर (बनिया) *'परियत्ति सद्धम्म कोविद'*

**एकासनं एकसेय्यं - एको चर मतन्दितो**
**एको दमय मत्तानं - वनन्ते रमतो सिया**

अर्थ– एउटै आशन, एउटै शैय्यामा बसी, अलसी नगरी उद्योगी भई एक्लै विचरण गर्ने, फेरि आफूले आफैलाई दमन गर्ने व्यक्ति आनन्दपूर्वक जंगलमा बास गर्दछ ।

घटना– उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहार मा बास गर्नु हुँदा एक विहारिक स्थविरको कारणमा आज्ञा हुनु भएको हो ।

भगवान बुद्धको समयमा जेतवन विहारमा एकजना भिक्षु एक्लै एक्लै हिँड्ने हुँदा उनको नाम एक विहारिक स्थविर थियो ।

ऊनी स्थविर एक्लै सुत्थ्यो, एक्लै बस्थ्यो, एक्लै चंक्रमन गर्थ्यो, एक्लै उभीरहन्थ्यो, कसैसंग घुलमिल भएर बस्दैनथ्यो ।

ऊनको यस्तो स्वभावलाई लिएर चार परिषद बिच चर्चा, परिचर्चा भईरह्यो । यस कुरालाई लिएर भिक्षुहरूले भगवान बुद्धकहाँ भन्न गयो-"भन्ते ! यो स्थविर सँधै एक्लै हिँड्ने स्वभावको छ ।"

भगवान बुद्धले एकविहारिक स्थविरको यस्तो स्वभावलाई नराम्रो भन्नुको सट्टा झन "साधु. साधु" भन्नुभयो । अनि भन्नुभयो-"भिक्षुहरू भन्नाले यसरी नै विवेकी भई एकान्तमै बस्न सक्नु पर्छ ।" एकान्तमा बस्नुको लाभको,महत्वको कुरा व्याख्या गर्नुभयो र उपरोक्त गाथा भन्नु भयो । धर्मदेशनाको अन्तमा धेरै मानिसले श्रोतापति फल लाभ गऱ्यो । त्यसबेला देखि अरू भिक्षुहरूले पनि एकविहारिक बन्ने (एक्लै बस्ने) अभ्यास गऱ्यो । ■

## मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१. कविता नकर्मी, पाटन - रु. ३०००/–
२. विकाश चन्द्र शाक्य, बनेपा - रु. १०००/–
३. केश चन्द्र शाक्य, बनेपा - रु. ३००/–
४. चिनि शोभा कंसाकार - रु. ३००/–
५. भिक्षु पञ्ञारतन, भिक्षु पमित, श्रा. सुबोध, विकाश (नालक) हरूबाट मैत्री केन्द्र बाल आश्रमका बालिकाहरू तथा भन्तेहरूलाई भोजन प्रदान ।
६. रत्नमाया मानन्धर, बालिकाहरू तथा भन्तेहरूलाई भोजन प्रदान ।

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

क.सं. ६०४
**शान्ति लक्ष्मी महर्जन**
टेकुसी, काठमाडौं
रू. १००५/–

क.सं. ६०५
**विष्णु कुमार चित्रकार**
ककंन्चो विनायक, छाउनी
रू. १०१०/–

क.सं. ६०६
**पूर्णदेवी सिंह**
सिद्धार्थ मार्ग, कमलाक्षी, काठमाडौं
रू. १००५/–

क.सं. ६०७
**श्रीमती शोभा क्षेत्री रंजित**
ककन्चो विनायक, छाउनी
रु. १०५०/–

क.सं. ६०८
**मिश्री रञ्जित**
कुलेश्वर, काठमाडौं
रु. १००६/–

क.सं. ६०९
**मन्दिरा शाक्य**
चाकुपाट ललितपुर
रू. ११००/–

क.सं ६१०
**श्रीमान मोतीलाल शिल्पकार**
मानभवन, ललितपुर
रू. १०००/–

क.सं. ६११
**श्रीमान् मचाकाजी महर्जन**
क्वा:छेंननी, त्यौड
रू. १००५/–

क.सं. ६१२
**श्रीमान किरण कुमार वज्राचार्य**
थतुभो टोल किर्तिपुर, वडा नं ४
रू. १००५/–

क.सं. ६१३
**श्रीमती रत्ना रंजित**
नयाँबजार, काठमाडौं
रू. १००५/–

क.सं. ६१४
**श्रीमती अञ्जुम**
लण्डन नरभिक
रू. १००५/–

क.सं. ६१५
**श्रीमती ज्ञानेश्वरी रंजित**
ताहाचल, काठमाडौं
रू. १००५/–

क.सं. ६१६
**ज्ञानकाजी महर्जन**
इनबहाल, काठमाडौं
रू. १००५/–

क.सं. ६१७
**श्रीमान् रत्नभाई स्थापित**
रत्नकेतु महाविहार, थायमरु
रू. १००५/–

# बुद्धशासनको इतिहास–८

■ भिक्षु अमृतानन्द

"भन्ते संघ ! यदि तपाईंहरूको अनुमति र स्वीकृति भए पूर्व तर्फ र पावातर्फ बस्ने चार चार जना भिक्षुहरू (जम्मा) आठ जना भिक्षुहरू भेला भएर यो अधिकरणको विनिश्चय गरौं । यसमा जसको चित्त बुझ्छ त्यो चूप लाग्नु होस्, जस्को चित्त बुझेको छैन त्यसले बोल्नु होस् ।"– यो ज्ञप्ति भयो ।

यसरी सूचना दिंदा कसैले केही नभनेपछि सर्वसम्मति बाट प्रस्ताव पास थहरायो । सबै संघले अधिकरण विनिश्चय गर्ने भार यी आठ जना चुनिएको संघ सभालाई (Select Committee) दियो ।

यति भएपछि वहाँहरूले यो अधिकरणको विनिश्चय कहाँ गर्नु पर्ला भनी विचार गरी वालुकाराम◆ मा घोष आदि कम देखी त्यहाँ सबै भेला हुन गए ।

त्यस सभामा रेवत महास्थविरले सर्वकामी महास्थविर संग विनय सम्बन्धि प्रश्न गर्ने सम्मति लियो ।

अनि आयुष्मान रेवत महास्थविरले सर्वकामी महास्थविरसंग यसरी प्रश्न गरे–

(१) भन्ते ! सिंगमा नून हुन्छ ?

भन्ते ! नून नभएको ठाउँमा खान सिंगमा नून राखेर लान हुन्छकि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

कहाँ हुँदैन भनेको छ भन्ते ?

श्रावस्तीमा, सूत्रविभङ्गमा▼ आवुसो ।

के आपत्ति (=दोष) हुन्छ भन्ते ?

सन्निधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनु भयो–

"सुन्नु होस भन्ते संघ ! प्रथम अधिकरणको विनिश्चय संघले यसरी गऱ्यो– 'सिंगमा नून हुन्छ' भन्ने कुरा अधर्मयुक्त, अविनय युक्त र तथागतको वचनबाट बाहिर भएको हुँदा 'सिंगमा नून हुँदैन' भन्ने निर्णय भयो । यो प्रथम विनिश्चय भयो । यो एक दियालो झिकें ।"

(२) भन्ते ! दुइ अंगुल वितेपछि हुन्छ कि ?

दुइ अंगुल वितेपछि भनेको के आवुसो ?

भन्ते दुइ अंगुल छाया लामो भएपछि मध्यान्ह पछि खान हुन्छ कि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

कहाँ हुँदैन भनी भनेको छ भन्ते ?

राजगृहमा, सुत्तविभङ्गमा ।

(खायो भने) के हुन्छत भन्ते ?

विकाल भोजने पाचितियं भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनुभयो–

"सुन्नु होस भन्ते संघ ! द्वितीय अधिकरणको विनिश्चय संघले यसरी गऱ्यो– 'दुई अंगुल वितेपछि हुन्छ' भन्ने कुरा अधर्मयुक्त अविनययुक्त र तथागतको बचनबाट बाहिर भएको हुँदा 'दुइ अंगुल बितेपछि हुँदैन भन्ने निर्णय भयो । यो दोश्रो विनिश्चय भयो । यो दोश्रो दियालो झिकें ।"

(३) ग्रामन्तर हुन्छकि भन्ते ?

ग्रामन्तर हुन्छकि भनेको के आवुसो ?

गाउँमा जान्छ भनेर भोजन गर्ने भिक्षुले 'पुग्यो' भनी आफूले प्रतिक्षेप गरीसकेको भोजन पदार्थ विना उपायद्वारा फेरी खान हुन्छकि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

कहाँ हुँदैन भनी भनेको छ भन्ते ?

श्रावस्तिमा, सुत्तविभङ्गमा ।

(खायो भने) के हुन्छ त भन्ते ?

अतिरिक भोजने पाचित्तियं भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थबिरले संघलाई यसरी विनिश्चय दिनुभयो–

*क्रमशः*

---

◆ महावंश ४–६४

▼ प्रातिमोक्ष सूत्तको प्राचिन व्याख्या भएको भिक्षु भिक्षुणी विभङ्ग लाइनै सूत्तविभङ्ग भन्छन् । हेर लेखकको धर्म विनयं ।



Downloaded from http://www.dhamma.digital

# केही बौद्ध विश्वासहरू...८

■ ले. के श्रीधम्मानन्द, अनु. वरदेश मानन्धर

## धर्मको नाममा युद्ध

बुद्ध धर्मको लागि कुनै पनि युद्ध भएको छैन ।

कुनै पनि बौद्धले आफ्नो धर्मको रक्षाको लागि पनि कुनै प्रकारको आक्रमण गर्नु हुँदैन । उसले कुनै पनि प्रकार को अप्रिय घटना हुन नदिनको लागि प्रयास गर्नु पर्छ । कहिले काँहि बुद्धको शिक्षा नमान्नेहरूले उसलाई लडाईमा लागि वाध्य तुल्याउँछ । यस स्थितिमा ऊ त्यसको लागि जिम्मेवार ठहर्दैन । तापनि यदि सबैले बुद्धका सल्लाहलाई मानेको खण्डमा यस विश्वमा लडाई हुने कुनै कारण नै हुने थिएन । आफ्नै बन्धुहरूलाई मारिने लडाई हुन नदिन कुनै पनि विवादको शान्तिपूर्ण सामाधानको लागि सवै संभव वाटो एवं उपाय निकाल्न नै सवै सु – संस्कृत मान्छेको कर्तव्य हुन आउँछ । बुद्धले आफ्ना अनुयायीहरूलाई कुनै पनि प्रकारको खराव दुष्ट व्यक्तिहरूको अगाडि समर्पित हुन भन्नुभएको छैन चाहे त्यो मान्छे अलौकिक पुरूष वा प्रकृति नै किन नहोस् ! शस्त्रीकरणको बहुलीपन होडलाई रोक्नै पर्छ । हामीहरूले युद्ध पोतको सट्टा स्कूल, उडने किल्लाको सट्टा घर, सैनिक ब्यारेकको सट्टा फार्म (कृषि), परमाणु हतियारको सट्टा अस्पतालहरू बनाउने प्रयास गर्नु पर्छ ।

प्रत्येक व्यक्ति एवं राष्ट्रले आ-आफ्नो स्वार्थपूर्ण आकांक्षा नहटाए सम्म जातीय घमण्ड परीत्याग नगरे सम्म र शक्ति एवं संम्पत्तिका लागि गरिने (अनुचित) इच्छालाई अन्त नगरेसम्म विश्वमा शान्ति हुने छैन । सम्पतिद्वारा सुख प्राप्त हुन सक्दैन । धर्मले नै मात्र मान्छेको दिलमा आवश्यक परिवर्तन ल्याउन सक्छ र सच्चा निशस्त्रीकरण गर्न सक्छ–मनको ।

सबै ठूला धर्महरूले अरूको हत्या नगर्ने सल्लाह दिन्छ । तर बडो दुर्भाग्यवश यस महत्वपूर्ण शिक्षालाई सजिलै सँग उपेक्षा गरिन्छ । आज आधुनिक हतियारहरूको कार णबाट मान्छेले एकै क्षणमा त्यो भन्दा धेरै मान्छेहरू मार्न सक्छ जति त्यस बखतका असभ्य मानिसहरूले एक शताब्दीमा मारेका थिए । यी कुरा हामी खुशी साथ भन्न सक्छौं कि गएका २५०० वर्षहरूमा बौद्धहरूले धर्मको नाउँमा कुनै पनि गम्भीर कलह वा झगडा गरेका छैनन् । यो बौद्ध धर्मको गतिशील प्रकृति र सहनशीलताका प्रतिफल हो ।

बौद्धहरू अरू धर्महरूको प्रगति देख्नमा रमाउँछन् जब सम्म उनीहरू आ-आफ्नो धर्म अनुसारको धार्मिक जीवन सच्चा रूपले अनुशरण गर्छन् ।

## बौद्ध धर्म – दुतहरू

बौद्ध धर्म–प्रचारहरू (धर्म दुतहरू) ले शिक्षा मात्र दिन्छ–त्यसलाई स्वीकार्नु वा अस्वीकार गर्नु त प्रत्येक व्यक्तिको आफ्नो इच्छामा भर पर्छ ।

बौद्ध धर्म दूतहरूले कहिल्यै पनि धर्म परिवर्तन तर्फ होड चलाएको छैन । कुनै पनि बौद्ध धर्म प्रचारक वा भिक्षुले अन्य धर्महरू प्रति नराम्रो प्रचार गर्ने विचार पनि गर्दैनन् । सच्चा बौद्ध भावना भएको कुनै पनि व्यक्तिलाई धार्मिक, राजनैतिक र राष्ट्रिय असहनशीलता मान्य हुने छैन । कुनै पनि आक्रामक लडाईले बौद्धहरूको हृदयमा सम्मान पाउने छैन । बिश्व कट्टरता र असहनशीलता जस्ता रोगहरूबाट पीडित भई रक्त वमन गर्दैछ ।राजनीति वा धर्म जहाँ पनि मानिसहरू मानव समुदायलाई आफ्नै प्रकारको जीवन पद्धतिमा ल्याउने काममा सचेत भएका हुन्छन् ।कहिलेकाँहि त्यस्ता मान्छेहरू अरू प्रकारको जीवन पद्धति अँगाल्ने व्यक्तिहरू प्रति आक्रामक हुन्छन् ।

जब हामी बुद्ध धर्मको इतिहासको पाना पल्टाउँछौं हामी बुझ्ने छौं कि कसरी बौद्ध धर्म – दूतहरूले शान्ति र सम्मानपूर्ण तरीकाद्वारा बुद्धका यस असल सन्देशको प्रचार गरे । आफ्नो धर्म प्रचारको लागि हिंसक तरीका अपनाउनेहरूलाई यस कुराले लज्जित पार्ने छ ।

बुद्ध धर्मले कहिल्यै पनि राष्ट्रिय परम्परा चलन, काल एवं संस्कृति सँग झगडा गरेन वरू उनीहरूलाई झन बचाउनुको साथै झन स्वच्छ पारेको छ । बुद्धका मैत्री र करूणाका उपदेशले मान्छेको दिल हृदयलाई खोली दिएको छ र उनीहरूले कुनै अप्ठचारो विना, नै यी शिक्षाहरूलाई ग्रहण गरें । यसरी उनीहरूले बुद्ध धर्मलाई विश्व धर्म बनाउनमा मद्दत गरे । बुद्ध धर्मलाई उपनिवेश शक्तिको आधारमा कहिल्यै पनि कुनै पनि देशमा लादिएन । बौद्ध धर्म-दूतहरूलाई स्वतन्त्र राष्ट्रहरूले आमन्त्रण गरेर स-सम्मानपूर्वक स्वागत गरे र बौद्ध धर्मलाई दिल देखि स्वीकार गरे ।

हामीलाई थाहा भए अनुसार सर्व प्रथम बुद्ध धर्मले नै त्यस्तो आध्यात्मिक वल प्रदान गरेको छ । जसले भौतिक दुरी, भाषा, परम्परा र संस्कृतिको कठिन विभेदद्वारा अलग्याइएको धेरै जातीहरूलाई आपसमा नजिक ल्याइदिएको छ । अन्तर्राष्ट्रिय व्यापार, साम्राज्य निर्माण, वैज्ञानिक उत्सुकता, आफ्नो क्षेत्र विस्तारको लागि बसाई सराई जस्ता कुनै पनि अभिलाषा बुद्ध धर्मको रहेको छैन । *क्रमशः*

# कर्म र ज्ञान

■ नरेन्द्रनाथ भट्टराई

धर्म र कर्म गरेर गरिने कुरा होइनन् न त ज्ञान जानेर जानिने कुरा हो। कुरा सुन्दा हामीलाई अचम्म लाग्ला। कर्म र धर्म त गर्ने कुरा पो त, कसरी हुने कुरा ? सुकदेव परम् ज्ञानी र जीवनमुक्त हुनुहुन्थ्यो। उहाँको जन्मबारे बहुतै सारगर्भित वर्णन छ उहाँ १२ वर्षसम्म पनि माताको गर्भभित्रै रहनुभएको थियो रे! १२ वर्षसम्म पनि गर्भबाट बाहिर ननिस्किंदा मातालाई परिरहेको कष्ट देखेर पिता व्यासले गर्भका बच्चालाई यतिकासम्म बाहिर नआई किन गर्भमै बसिरहेको ? भनी सोध्दा सुकदेवले भन्नुभयो, 'गर्भबाट बाहिर निस्कें भने कर्म जालले मलाई घेर्नेछ र मेरा ज्ञान खतम हुनेछन्। तसर्थ गर्भमै रहेर आनन्दसँग बसिरहन्छु!" व्यासजीले घबराउँदै भन्नुभयो, "आऊ! बाहिर आऊ! कर्म जालमा नपरीकन रहुँ" पिताको आज्ञा सुन्नेबित्तिकै सुकदेव तुरून्तै बाहिर निक्लिएर वनतिर जान लाग्नुभयो। छोरा वनतिर लागेको देख्दा व्यासजीले जात,कर्म, संस्कार आदि गरिन्जेल त बस ! भनी भन्नुहुँदा। सुकदेवले भन्नुभयो,"यिनै संस्कारहरूले त मानिसलाई संसारमा अल्झाइरहेका छन्! मलाई यस्ता संस्कारका केही जरूरत छैन पिताजी !" छोराको यस्तो उत्तर सुन्दा व्यासजीले भन्नुभयो, 'यस्तो भन्नुहुन्न ! विधिपूर्वक, ब्रह्मचर्याबाट मोक्ष मिल्ने भए त हिजडाहरूले उहिल्यै मोक्ष पाइसक्थे होला ! गृहस्थ आश्रमबाट मोक्ष पाइने भए सबै गृहस्थ मोक्ष भइसक्ने थिए! यसैगरी वानप्रस्थबाट मोक्ष मिल्ने भए मृगहरूले मोक्ष पाइसक्थे ! सन्यास आश्रमबाट मोक्ष मिल्ने भए गरीब र दरिद्रहरूले सबभन्दा चाँडो मोक्ष पाइसक्थे !"

*जसरी एउटै पानी विभिन्न स्थान, अवस्था र भाँडामा रहँदा विभिन्न ना, रूप र आकारमा देखिन जान्छन् त्यसैगरी एउटै आत्मा देहादि विभिन्न उपाधिले अनेक नाम, रूप र आकारमा प्रतीत हुन्छन्।*

*साभार : परमात्माको दर्शन (चिन्तनद्वारा)*

आफ्नो साथमा, बसोस् भन्ने इच्छाले व्यासजीले फेरि भन्नुभयो फेरि– "हे पुत्र ! बाबुआमालाई नरकबाट बचाएर स्वर्गमा पुऱ्याउने कार्य छोराबाटै हुन्छ तसर्थ बस।" सुकदेवजीले उत्तर दिंदै भन्नुभयो, "हे पिताजी ! यदि छोराहरूबाट बाबुआमालाई स्वर्ग मिल्ने भए सुँगुर कुकुर तथा सलहहरूले नै स्वर्ग ढाकिसक्दथे होला !" तब फेरि व्यासजीले आग्रह गर्दै भन्नुभयो, "हेर बाबु ! छोराको दर्शनले मानिस पितृरिणबाट मुक्त हुन्छ, नातिको दर्शनले देवरिणबाट मुक्त हुन्छ भने पनातिको दर्शनले सोझै स्वर्ग मिल्दछ त्यसकारण बस।" पिताको यस्तो आग्रह सुन्दा हाँस्दै सुकदेवजीको आज्ञा भयो, "पिताजी ! गिद्धले धेरै वर्षसम्म बाँच्दछ। कति कति पुस्ता देख्ला गिद्धले !' कति गिद्धले मोक्ष पाए त अहिलेसम्म ? यति भनेर सुकदेवजी वनतिर हिंडिहाल्नुभयो।

**सुकदेव र व्यास ज्ञान र कर्मका प्रतीक हुन। ज्ञान प्रकट हुँदैन गर्भमै रहन्छ! प्रकट भइहाले पनि सांसारिक क्रियाकलापमा अल्झिएर बस्दैन। कर्मकाण्डमा लाग्ने मानिस विधिविधान स्वर्ग-नर्क, बन्धन-मोक्ष आदि हल्लाखल्ला गर्दै संसार चक्कर मारिरहन्छ।**

■

## सूचना ! सूचना !! सूचना !!!

**पूज्य धम्मवती गुरुमांको ७५ औ वर्षिय जन्मोत्सवको शुभ उपलक्ष्यमा पूज्य भिक्षुसंघबाट साप्ताहिक अभिधर्मपाठ र धर्मदेशना गर्नुहुने कार्यक्रम रहेको छ। उक्त पूण्यं कार्यमा सहभागी हुन इच्छुक सबै धर्मप्रेमी श्रद्धालु श्रोतावर्गहरूलाई हार्दिक स्वागत गरिएको छ।**

**स्थान– धर्मकीर्ति विहार श्रीघः नःघः काठमाडौं।**

**समय– विहान ७:०० बजे दखि ९:०० बजेसम्म।**

**आयोजक– धर्मकीर्ति विहार परिवार।**



Downloaded from http://www.dhamma.digital

# धर्म भनेको यस्तो पो

■ **स्वस्तिका थापा,** कक्षा ११ (मानविकी)

मेरो जन्म २०४४ सालमा सिन्धुपाल्चोकको कुर्थलीमा भएको हो । गाउँमा जन्म भए पनि हाम्रो परिवार सुखमय नै थियो । आमा खेतीपाती गर्ने, बुबा अफिसमा काम गर्ने भएकोले हामीलाई बिहान बेलुकाको छाक टार्न सजिलै थियो । म पछि एक बहिनी र दुई भाइको जन्म भयो । हाम्रो परिवारको आकार बढेकाले बुबाआमाले झन् बढी मिहेनत गर्न थाल्नुभयो । उहाँहरूको इच्छा हामीलाई पढाएर ठूलो मान्छे बनाउने थियो । समयको क्रमसँगै अचानक एकदिन बुबा थला पर्नुभयो । उहाँ ओछ्यानबाट उठ्न पनि सक्नु भएन । खाना समेत अरूले खुवाउनुपर्ने अवस्था आयो । हामी सानै थियौं । एक्ली आमाले बुबालाई स्याहार्नु कि खेतीपाती हेर्नु । आमालाई एक्कासी आपत पर्‍यो । तर पनि उहाँ नआत्तिई बुबाको उपचारमा लाग्नुभयो । आमाले जानेका र चिनेका जति ठाउँमा बुबाको उपचार गराउनु भयो । तर बुबाको रोग पत्ता लगाउन सकिएन । हामीसँग भएको गाईवस्तु र रकम सिध्याउँदा पनि बुबाको रोग निको भएन । गाउँलेको सहयोगमा उपचार गरि नै रह्यौं । तीन वर्षपछि धुलिखेलका हरिबाहुनकहाँ बुबालाई ल्याइयो ।

हामीले बुबाको रोग निको होला भनी आशा मारि सकेका थियौं तर हरिबाहुनले १०-१२ दिनसम्म आफ्नै घर मा राखी उपचार गरेपछि बुबा हिँड्न सक्ने हुनुभयो । बुबा हिँडेर घर जाँदा त हाम्रो खुसीको सीमानै रहेन । तर खुसीसँगै हाम्रो दु:खका दिनहरू पनि सुरू भए । बुबाको उपचार गर्दा हामीलाई तीन लाख ऋण लागेछ । त्यो ऋण तिर्नको लागि आमाले गाउँ छोडेर सहर छिर्ने कुरा गर्नुभयो । बुबाले नमान्दा नमान्दै पनि हामी बनेपा पस्यौं । आफू जन्मेको ठाउँ, र माइलो वनपाखा, आपत्का बेलामा साथ दिने छिमेकी र प्राणभन्दा प्यारी हजुरआमालाई छोडेर विरानो यो ठाउँमा आईपुग्यौं र सानो कोठा लिएर बस्यौं । बनेपामा हामीले कसैलाई चिनेका थिएनौं ।हामीसँग पैसा पनि थिएन । बुबा हामीलाई छाडेर अफिस जानुभयो । आमा विरानो ठाउँमा कामको खोजीमा पैतालाका छाला खियाउँदै भौंतारिन थाल्नुभयो । तर ढुंगा, इँटा बोक्नेदेखि अरू कुनै काम पाउनु भएन । हामी चार सन्तानलाई पाल्नको लागि त्यही काम भए पनि गर्न थाल्नुभयो । दिउँसो खान दिएको खाजा समेत पोल्टामा राखेर हामीलाई खुवाउन ल्याउनुहुन्थ्यो । आमा दिनभर काममा जानुहुन्थ्यो । हामी भने कोठामा कोचिएर बस्थ्यौं । स्कुल जान हामीसँग पैसा थिएन । म भाइबहिनीमध्ये ठूली भएकी हुनाले आमासँगसँगै घर बनाउने काममा जान्थें र सकेको काम गरिदिन्थें । मनभरि पढ्ने चाहना हुँदाहुँदै पनि बाध्य भएर हातमा कापीकलमको साटो इँटा र ढुँगा बोक्थें ।

समय यसरी नै बितिरहेको थियो । यस्तैमा एकदिन घर बनाउने साहु र साहुनीसँग मेरो भेट भयो । उहाँहरूले मेरो बारेमा आमालाई सोध्नुभयो । हाम्रो बारेमा सबै कुरा थाहा पाइसकेपछि उहाँहरूले मलाई आफ्नै छोरीजस्तै सम्झी स्कुलमा भर्ना गरिदिनुभयो र अन्धकारबाट उज्यालो घामको बाटोतिर लगिदिनुभयो । म उहाँहरूसँग तीन वर्ष बसें । आमाको दु:ख र पीडाले मलाई जहिले पनि झस्काइ-रहन्थ्यो । त्यसैले तीन वर्षपछि आमालाई सहयोग गर्नुपर्‍यो र भाइबहिनीलाई पनि पढाउनुपर्छ भन्ने विचार गरेर कोठामा फर्किएँ । बिहान बेलुका आमालाई सघाउँथे र दिउँसो स्कुल जाने गर्थें । विदामा आमासँगै ढुंगा बोक्न जाने गर्थें । यही क्रममा भाइबहिनी पनि स्कुल जान थाले । मेरो पढाइ पनि राम्रै थियो । त्यसैले मैले स्कुलबाट छात्रवृति पाएँ । यसबाट म अति उत्साहित बनें । मेरो खुसीभन्दा आमाको खुसी कैयौं गुणा बढी थियो र गरिव भएका कारण अरूले गर्ने तिरस्कार र घृणाले मलाई अघि बढ्न प्रेरित गर्थ्यो ।

हामीले दु:ख गरेर गाउँलेको ऋण तिर्‍यौं अनि बचेखुचेको पैसाले बुडोलमा सानो पसल किन्यौं । त्यस पसमा हामी सबै मिलेर धेरै मिहेनत गर्‍यौं । यसले गर्दा मेरो पढाइ पहिलेको भन्दा कमजोर बन्दै गयो । पसलको काममा बढी ध्यान दिनुपर्ने भएकोले मैले पढ्न समय नै पाइनँ । यस्तैमा एस.एल.सी. परीक्षा दिने समय पनि आयो । यही समयमा म विरामी परें । परीक्षादिन साथीहरू (शोभा र विनिता) को सहयोगमा पुग्ने गर्थें । त्यसैले परीक्षा त्यति राम्रो हुन सकेन । नतिजा निस्कँदा थाहा पाएँ म अनुत्तीर्ण भएछु । मैले जीवनमा पहिलोपल्ट परीक्षामा असफलताको अनुभव गर्नुपर्‍यो । तर मौका परीक्षा दिन पाउने भएँ । एक महिनाको मिहेनतपछि परीक्षामा उत्तीर्ण भइयो र अहिले यस क्याम्पसमा ११ कक्षामा अध्ययन गरिरहेकी छु ।

म यहाँसम्म आइपुग्नुमा रवीन्द्र भैल र पुण्यश्वरी भैलको ठूलो हात छ । जसले मजस्तो एउटा सामान्य गरिव परिवारमा जन्मिएकी बालिकालाई आफ्नो छोरीजस्तै व्यवहार गर्नुभयो । स्कुलमा भर्ना गरिदिनुभयो । अँध्यारोबाट उज्यालोतर्फको बाटो देखाउनुभयो । उहाँहरूको माया, ममताले म यो ठाउँसम्म आइपुगेकी छु । मेरा लागि उहाँहरू देवता समान हुनुहुन्छ । म सम्झन्छु– धर्म भनेको यस्तो पो हो ।

■



Downloaded from http://www.dhamma.digital

# योग अभ्यास विधि - भाग ४७

रेकी, योगा शिक्षक एवं प्रा.चि.डा. **गोपाल प्रधान**
रेकी वैकल्पिक उपचार केन्द्र, दिव्यज्योती समूह नेपाल, भोटाहिटी, काठमाण्डौ, फोन नं.: ४२२४०८५

## प्राणिक हिलिङ्ग ६

*चमत्कार परिवर्तन, र परिवर्तन नै चमत्कार हो। सम्पूर्ण चमत्कार परिवर्तनशील छ, र सम्पूर्ण परिवर्तन चमत्कार हो।*

गत अंकमा प्राणिक हिलिङ्ग एवं योगाभ्यासका लागि गर्नुपर्ने पुर्वाधारका विषयमा जानकारी प्रस्तुत गरेका थियौं। यस अकंमा प्राणिक हिलिङ्ग एवं योगाभ्यासका हिलरहरूले नियमित पालना गर्नु पर्ने आहार-विहार वारेमा जानकारी दिनुका साथै विभिन्न प्राकृतिक एवं आधुनिक उपचार पद्धतिले आहार विहार सम्बन्धी कस्तो् धारणा राख्दछ भन्ने जानकारी प्रस्तुत गर्न लागेका छौं।

प्राकृतिक उपचार पद्धति लगायत आधुनिक चिकित्सा पद्धतिले पनि हाल आएर हाम्रो स्वास्थ विग्रनुको एउता प्रमुख कारण हामीले नियमित प्रयोग गर्ने आहार अर्थात खाना हो भनि वैज्ञानिक अनुसन्धानद्वारा प्रमाणित गरिसकेको छ। यसै कारणले प्राणिक हिलिङ्ग एवं योगाभ्यासमा आहार विहारको वारेमा आवश्यक जानकारी प्रस्तुत गर्न लागेका हौं।

सदैव स्वस्थ्य रहन र दिर्घायु प्राप्त गर्न हामीले हाम्रो अहार विहारमा भिन्नता ल्याउन आवश्यक छ किनकि वैज्ञानिक अनुसन्धानबाटै हामीलाई कुनै पनि रोग लाग्नुको मुख्य कारण हाम्रो पेट हो भन्ने पुष्टि भइसकेको छ र हामीले पनि यसलाई प्रत्यक्ष अनुभव गरेका छौं। एउटा भनाई पनि छ जस्तो भोजन गऱ्यो त्यस्तै मन हुन्छ। यसै कारण हामीले नियमित खाने खानामा अनिवार्य रेशायुक्त एवं हरियो साग तरकारी हुन आवश्यक छ।

त्यस्तै हामीले नियमित खाना खानुभन्दा कम से कम एक वा आधा घण्टा अगाव र दुई घण्टा पश्चात् मात्र पानी पिउनु उत्तम हुन्छ र पानी हाम्रो शरीरको लागि अति उत्तम वस्तु भएकोले प्रत्येक एक घण्टामा कम्तीमा एक गिलास (२००-४०० मि.लि.) पानी पिउनु आवश्यक छ।

त्यस्तै हामीले नियमित खाने खाना रेशायुक्त चिल्लो कम, नुन कम हुन अति आवश्यक हुन्छ र गुलियोको लागि चिनीको सट्टा शखर र मह लिन सकिन्छ। त्यस्तै नियमित हाम्रो खानाको साथै ग्रीन सलाद जसलाई काँचो खाने तरकारीको रूपमा गाजर, मुला, कांक्रो, वन्दा, फर्सी आदि प्रचुर मात्रामा लिन राम्रो हुन्छ। प्राणिक हिलिङ्ग एवं योगाभ्यास गर्ने व्यक्ति पूर्ण रुपले शाकाहारी बन्नु उत्तम हुन्छ तर मांसाहारी हुने हो भने मासुको सट्टा माछा खानु उत्तम मानिन्छ। खाना जस्तो खाए पनि हाम्रो रोग प्रतिरोधात्मक क्षमतालाई वृद्धि गर्न सहयोग पुऱ्याउने हुदाँ हामीलाई प्रत्येक २-२ घण्टामा खाना खानु उत्तम हुन्छ भने खाना खाएको ३-४ घण्टा पश्चात् मात्र सुत्नु स्वास्थको लागि लाभदायक हुन्छ।

योगको यही वस्तुगत विषयलाई अध्ययन गरी विश्वमा योगलाई एउटा वैज्ञानिक पद्धति हो भनी वैज्ञानिकहरूले पनि आधारशिला तयार गरेका छन्। हामीले पनि यही उद्देश्य अनुरुप यस पत्रिकाको माध्यमवाट 'प्राणिक हिलिङ्ग एवं योगाभ्यासको चर्चा विशेषांक' प्रकाशन गरेका छौं। यो एउटा हाम्रो प्रयास मात्र हो। योग शास्त्रको अगाडि गाग्रीद्वारा समुद्र भर्नू जस्तो मात्र हो वा एउटा साधारण गमलामा बटवृक्ष उमार्नुको कल्पना गर्नु हो। ■

### भूलसुधार

गतांक वैशाख पुन्हिको अङ्कमा "धमकीर्ति बौद्ध अध्ययन गोष्ठीको वि.सं. २०६६ को वार्षिक कार्यतालिका"मा २०६६ पौषको श्रामणेर र ऋषिणी प्रव्रज्या शिविरको संयोजकहरू इन्दावती गुरुमां र अमीर कुमारी शाक्य हुनुपर्नेमा अन्यथा हुन गएकोमा क्षमाप्रार्थी छौं।

**- सचिव (ध.की.बौ.गो.)**

### भूलसुधार

आखिल नेपाल भिक्षु महासंघको तर्फबाट संचालित नेपाल बौद्ध परियत्ति शिक्षा बु.सं. २५५२ (वि.सं. २०६५) माघ महिनामा संचालित परीक्षाको प्रकाशित परीक्षाफलमा कक्षा ६, पञ्जिका नं. ५६६८ सितु मानन्धर प्रथम श्रेणी हुनुपर्नेमा अन्यथा हुन गएको हुँदा यसलाई सच्चाई पढ्नुहुन अनुरोध गरिएको छ।

**नेपाल बौद्ध परियत्ति शिक्षा**



Downloaded from http://www.dhamma.digital

# बुद्धः आस्था, निष्ठा र प्रेरणास्त्रोत

■ राजेशकुमार श्रेष्ठ

यसपटक हामी २५५३ औं बुद्धपूर्णिमा मनायौं । इतिहास पल्टाएर हेर्दा नेपालमा सर्वप्रथम बुद्धजयन्ती ईसं १९२६ (बु.स. २४७०) भोजपुरमा मनाएको देखिन्छ । त्यसपछि ईसं १९२८ (नेसं १०४८) देखि किण्डोल विहार मा वैशाख पूर्णिमा संगठित रूपमा मनाउन थाले । (भनिन्छ कि काठमाडौं उपत्यकाभित्र सर्वप्रथम मांसगल्लीमा श्री प्रसादको प्रमुख भूमिकामा बुद्धजयन्ती मनाइयो, दोस्रो बुद्धजयन्ती स्व. चित्तधर हृदयको घरमा मनाइयो र तस्रो बुद्धजयन्ती किण्डोल विहारमा मनाइयो ।)

ईसं १९४६-४८ मा श्रीलंकाका थेरवाद भिक्षुहरूको आगमनले हालसम्म बुद्धजयन्ती मनाउने क्रमले निरन्तरता पाइरहेको छ । हुन त, इसं १९४८ मा श्री ३ मोहन शमशेरले वैशाख पूर्णिमाको दिन केवल बौद्ध कर्मचारीहरूलाई मात्र बिदा दिने चलन गरेका थिए तर ईसं १९५२ मा राजा श्री ५ त्रिभुवनले वैशाख पूर्णिमाको दिन सार्वजनिक बिदा दिने घोषणा गरे, जुन अहिलेसम्म टुटेको छैन ।

वैशाख पूर्णिमा अर्थात् बुद्धजयन्तीको दिन सिद्धार्थको जन्म, सम्बोधिलाभ र तथागतको महापरिनिर्वाण यी तीन पुण्य संयोगले जुटेको दिन हो, जुन विश्वभरि एकदम श्रद्धा र भक्तिका साथ हर्षोल्लासपूर्वक मनाइन्छ ।

**सिद्धार्थ कुमारको जन्म**

लुम्बिनी बगैंचा कपिलवस्तु र देवदहको बीचमा पर्दछ । महामायादेवी आफ्नो माइत देवदह जाँदा लुम्बिनीको रमणीय बगैंचामा पुगिन्, जुन बगैंचा साह्रै मनोरम र सुन्दर थियो । त्यस बगैंचामा वृक्षले परिपूर्ण साथै रंगीविरंगी फूलहरू फुलेका थिए साथै चराचुरुंगीको सुमधुर स्वरले बगैंचा गुन्जायमान थियो । शीतल पवन चलेको त्यो रमणीय बगैंचा देखेर महामायादेवीको मनमा त्यहाँ केही समय विचरण गर्ने इच्छा भयो । आफ्ना सेविकाहरूका साथ बगैंचामा रमण गरिरहेको बेला गर्भवती महामायादेवीलाई अचानक प्रसव वेदना भयो र यही वैशाख पूर्णिमाको दिन सिद्धार्थको जन्म भयो, जो ३२ वटा लक्षणले युक्त थिए । जन्मनासाथ पूर्वपट्टि फर्केर सात पाइला चाली दाहिने हात उठाएर निम्न गाथा उद्घोष गरे–

**'अग्गोहस्मिं लोकस्स, जेट्ठोहस्मिं लोकस्स**
**सेट्ठोहस्मिं लोकस्स, बुद्धं बोधेय्य**
**मुत्तं मोचेय्य, तिण्णं तारेय्य'**

जसको अर्थ हुन्छ: म सम्पूर्ण लोकमा अग्र छु । म सम्पूर्ण लोकमा ज्येष्ठ छु । म सम्पूर्ण लोकमा श्रेष्ठ छु । म आफू बुद्ध भएर अरूलाई बोध गराउँछु । म आफू मुक्त भएर अरूलाई बोध गराउँछु । म आफू मुक्त भएर अरूलाई मुक्तिको मार्ग देखाउँछु । म आफू तरेर अरूलाई तार्नेछु ।

**बोधिज्ञान प्राप्ति**

बोधिसत्व भएका सिद्धार्थ कुमारले १६ वर्षको उमेर मा यशोधरासँग विवाह गरे र २९ वर्षको उमेरमा नाबालक राहुल, पत्नी यशोधरा, सम्पूर्ण राजपाठसहित गृहत्याग गरे । उनको गृहत्यागलाई महाभिनिश्क्रमण भनिन्छ । कपिलवस्तुबाट उनी उरुवेल जंगलमा गएर ६ वर्षसम्म अनेक दु:खकष्ट झेलेर घनघोर तपस्यामा लागे । उनले त्यस समयका प्रसिद्ध आचार्य उदकरामपुत्र र आलारकालामसँग सातौं र आठौं ध्यान सिके । तैपनि उनले आफ्नो चित्तलाई पूर्ण रूपमा क्लेश निरोध भएको पाएनन् र बोधगया पुगे र विपश्यना ध्यान गरी यही वैशाख पूर्णिमाको दिन ३५ वर्षको उमेरमा सम्पूर्ण क्लेश (राग, द्वेष,मोह) माथि विजय प्राप्त गरी बुद्धत्व प्राप्त गरे र निम्न गाथा उद्घोष गरे-'फेरि फेरि जन्म लिनुपर्दा दु:ख हुने हुनाले यो शरीररूपी घर बनाउनेलाई खोज्दाखोज्दै यो संसारमा अनगिन्ती जन्म लिइसकें । हे गृहकारक ! मैले तिमीलाई देखें । तिमीले अब फेरि दु:खको घर बनाउन सक्ने छैनौ । सबै औजार भाँचिसकें । संस्कार निर्मूल भयो, तृष्णा क्षय भयो । यसरी गौतम बुद्धले बुद्धत्व प्राप्त गरी दोस्रो उद्घोष गरेका थिए ।

**महापरिनिर्वाण**

बुद्धत्व प्राप्तिपछि ४५ वर्षसम्म विभिन्न गाउँ, नगर, देशमा गएर 'बहुजन हिताय बहुजन सुखाय' को सतमार्ग देखाउँदै मैत्री, करूणा, मुदिता, उपेक्षा, चार आर्य सत्य, प्रतित्य समुत्पाद, शील समाधि प्रज्ञा आदिको पाठ सिकाउँदै वैशाख पूर्णिमाकै दिन मल्ल राजाहरूको सालवन (कुशीनगर) मा ८० वर्षको ढल्किँदो उमेरमा महापरिनिर्वाण भए र त्यसको केही समय अगाडि उनले भिक्षुहरूलाई निमन्त्रणा गरेर निम्न प्रकारले अन्तिम वचन उद्घोष गरेका थिए–

**'हन्द दानी भिक्खवे आमन्तयामी,**
**वय धम्मा संखारा अप्पमादेन सम्पादेथ ॥'**

अर्थात् 'हे भिक्षुहरू हो ! तिमीहरूलाई म आमन्त्रण गर्दछु र भन्दछु कि जति पनि संस्कार छन्, ती सबै नाशवान् छन् । त्यसैले अप्रमादि भएर सम्पादन गर ।'

गौतम बुद्धले महापरिनिर्वाण हुनुअघि बोलेको अन्तिम वचन थियो । यसरी हामीले वैशाख पूर्णिमा अर्थात् 'बुद्धजयन्ती' को दिन त्रिसंयोग परेको हुनाले भव्य रूपमा मनाउने गर्दछौं । ■

*(साभार- अन्नपूर्णपोष्ट)*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

**गतिविधि**

## धर्मकीर्ति विहार संरक्षण कोषको वार्षिक साधारण सभा सम्पन्न




धम्मवती गुरुमांले विहारको वार्षिक सभामा सम्बोधन गर्नुहुँदै

*२०६६ वैशाख १९, धर्मकीर्ति विहार ।*
*स्थान- श्रीघः नःघः काठमाडौं*

यसदिन धर्मकीर्ति विहार संरक्षण कोषले यस कोषका वार्षिक साधारण सभा सम्पन्न गरेको थियो । कोषमा धम्मानुशाषक भिक्षु अश्वघोष महास्थविरको सभापतित्व एवं दो गुणवती गुरूमांको प्रमुख अतिथ्यमा कोषका उपाध्यक्ष धम्मदिन्ना गुरूमांले स्वागत भाषण गर्नुभएको थियो । कोषका सदस्य मदनरत्न मानन्धरले संचालन गर्नुभएको उक्त सभामा भिक्षु अश्वघोष महास्थविरले पन्चशील प्रार्थना गराउनु भएको थियो ।

सर्वप्रथम कोषका सचीव मीना तुलाधरले कोषको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने सह कोषाध्यक्ष रीना तुलाधरले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

यस सभामा धर्मकीर्ति विहार संरक्षण कोष अन्तरगतका शाखाहरू र धर्मकीर्ति विहारका सम्बन्धन प्राप्त विहारहरूले वार्षिक प्रगति प्रतिवेदन यसरी प्रस्तुत गरिएको थियो ।

| क्र.सं. | प्रगतिवेदन प्रस्तुत गर्ने व्यक्ति | धर्मकीर्ति विहार संरक्षण कोष अन्तरगतका शाखाहरू र धर्मकीर्ति विहारका सम्बन्धन प्राप्त विहारहरूको नाम |
|---|---|---|
| १. | रमा शोभा कंसाकार (सम्वन्धित शाखामा निवर्तमान सचिव) | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी |
| २. | रोशन काजी तुलाधर (सम्वन्धीत शाखाका संयोजक) | धर्मकीर्ति स्वास्थ्य कमिटी |
| ३. | प्रेमलक्ष्मी तुलाधर सम्वन्धित शाखाको (सचीव) | धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन |
| ४. | रमाशोभा कंसाकार | धर्मकीर्ति अडियो भिजुयल उपकमिटी |
| ५. | मदन रत्न मानन्धर | किण्डोल विहार |
| ६. | अतुला गुरूमां | सुलक्षण कीर्ति विहार |
| ७. | ध्यानवती गुरूमां | पद्मकीर्ति विहार |
| ८. | प्रीतिवती गुरूमां | धर्मकीर्ति वसुन्धरा विहार |

यसरी वार्षिक प्रतिवेदन प्रस्तुती कार्यक्रम पश्चात् कार्यक्रममा प्रमुख अतिथी दो गुणवती गुरूमांले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । यसको साथै उक्त सभामा सहभागीहरूले कोषका अध्यक्ष धम्मवती गुरूमां लगायत् कोषका धम्मानुशाषक भिक्षु अश्वघोष महास्थविरबाट पनि ओवाद श्रवण गर्नुभएका थिए ।

कार्यक्रमको अन्त्यमा कोषमा अन्य सदस्य हीराकाजी शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त सभामा प्रस्तुत भएका प्रगति प्रतिवेदनहरू यसरी रहेका छन्–

**(१) धर्मकीर्ति संरक्षण कोषको वार्षिक प्रगति प्रतिवेदन ।**

*प्रस्तुती- मीना तुलाधर ।* २०६४ साल चैत्र १६ गते शनिवारका दिन यस कोषका अध्यक्ष धम्मवती गुरूमांको अध्यक्षतामा वार्षिक साधारण सभा सुसम्पन भएको थियो । उक्त सभाले म मीना तुलाधरलाई सचिव पदमा मनोनित गरिएको थियो । मलाई उक्त पदमा काम गर्ने मौका प्रदान गर्नु भएकोले यस कोषको कार्य सम्पन्न गर्न सहयोग गर्नुहुने सबै सहयोगीहरू प्रति आभार व्यक्त गरेकी छु । यस एक वर्षिय अवधि भित्र हाम्रो विहारको गतिविधि विषयमा विवरण यसर प्रस्तुत गर्न गइरहेकी छु ।



Downloaded from http://www.dhamma.digital

(क) वि.सं. २०६५ साल वर्ष भरिमा ६ पटक सम्म कार्यकारिणी बैठक १ पटक आकस्मिक बैठक र आज २०६६ वैशाख १९ गतेका दिन वार्षिक साधारण सभा संचालन भइरहेकै छ ।

(ख) वि.सं.२०६५ साल आषाढ २० गते शुक्रवार का दिन बसेको कार्यकारिणी बैठकको सभाले धर्मकीर्ति विहार संरक्षण कोषको विधानमा यसलाई नाफा रहित संस्था भनी उलेख गर्ने निर्णय गरिया ।

(ग) वि.सं. २०६५ आषाढ ७ गते शनीवार धर्मकीर्ति विहारको तर्फबाट २०६४ सालको बौद्ध परियत्ति परीक्षामा उत्तीर्ण भएका जम्मा ८५ जना परिक्षार्थीहरूलाई पुरस्कार प्रदान गर्ने कार्य सुसम्पन्न भयो ।

(घ) धर्मकीर्ति विहार संरक्षण कोषका अध्यक्ष श्रद्धेय धम्मवती गुरूमांको जन्मदिनको उपलक्ष्यमा उहाँले रू ३ लाख रूपैयाँको अक्षयकोष स्थापना गर्नुभई यसको व्याजबाट बर्षेनि संचालन हुने गरी अभिधर्म पट्ठान पाठकोष स्थापना गरिएको थियो । २०६५ साल असार ३०- श्रावण ५ सम्म भव्य रूपमा संम्पन्न भएको थियो । उहाँले २०६५ साल श्रावण ५ गते धर्मकीर्ति ज्ञानमाला भजन हारमोनियम तालिम प्राप्त ७ जना व्यक्तिलाई अध्ययन गोष्ठीको शनिवारिय कक्षामा निरन्तर हाजिर हुने केशरी लक्ष्मी शाक्यलाई ज्ञानमाला भजनका प्रशिक्षकहरू लगायत ज्ञानमाल भजन समूहलाई पनि पुरस्कार स्वरूप उपहार प्रदान गर्नुभएको थियो ।

श्रद्धेय धम्मवती गुरूमांले पट्ठान पाठ कार्यक्रम निरन्तर रूपले भव्य रूपमा संचालन गर्नका लागी अन्य २ लाख रूपैयाँ मिति २०६५/४/१ मा मुद्दती खातामा थप गर्नुभई जम्मा ५ लाख रूपैयाँ कोषमा जम्मा गर्नु भएको थियो । उहाँको यस सराहनीय कार्यलाई सवै उपासकउपासिकाले अनुमोदन गरी २०६५ पौष १ गतेका दिन उहाँलाई साधुवाद पत्र चढाइएको थियो ।

(ङ) यस कोषका धम्मानुशासक पूज्य भिक्षु अश्वघोष महास्थविरको ८२ औं जन्म दिनको उपलक्ष्यमा धर्मकीर्ति पत्रिका मार्फत् उहाँलाई धर्मकीर्ति विहार संरक्षण कोषको तर्फबाट शुभकामना व्यक्त गर्ने कार्य पनि सम्पन्न भएको थियो ।

(च) धर्मकीर्ति संरक्षण कोष र भारतीय राजदूतावासको संयुक्त आयोजनामा Buddhism and Nonviolence Momment of Gandhni विषयक Talk Programme २०६५ माघ १७ गते सुसम्पन्न गर्ने भन्ने योजना रहेतापनि विभिन्न कारणवस सञ्चालन हुन सकिरहेको छैन ।

(छ) अमेरिकामा रहंदै आउनु भएका नेपाली दाताहरूको तर्फबाट बुद्ध शिक्षा सिक्ने मनसाय राखी पठाइएको निमन्त्रणा स्वीकार गर्नुभई धम्मवती गुरूमां, कोण्डञ्ञ भन्ते लगायत धर्मकीर्ति ज्ञानमाला भजन खल:का उपाध्यक्ष जुजुभाई शाक्य (वि.सं. २०६५ भाद्र २१ गते- मंसीर २ गते सम्म) जम्मा साढे २ महिना सम्म धार्मिक भ्रमणको रूपमा अमेरिकाको विभिन्न स्थानमा धर्मप्रचार गरी फर्कनु भएको थियो ।

(ज) सत्रौं कर्माप्पा बुद्धगया पूजा कार्यक्रम धर्मकीर्ति विहारका संस्थापक गुरूमां धम्मवती र पञ्ञावती गरूमां मंसीर १४ गते बुद्धगयामा जानुभई उक्त कार्यक्रममा भाग लिनु भएको थिए ।

(झ) धर्मकीर्ति विहारका उपासकोपासिकाहरू परलोक हुने अवस्थामा यदि उहाँहरू धर्मकीर्ति विहार संरक्षण कोषका बहालवाल पदाधिकारी, धर्मकीर्ति विहार संरक्षण कोषका आजीवन सदस्य र विभिन्न कमिटीका वहालवाला पदाधिकारी भएमा धर्मकीर्ति संरक्षण कोषको तर्फबाट समवेदना दिइने भनी २०६५ साल मंसीर १ गतेको वैठकवाट निर्णय गरियो ।

(ञ) बौद्ध विद्वानहरूलाई सम्मान गर्ने कार्यक्रममा पाँच जना महानुभावहरू World Fellowship Buddhism संस्थामा उपाध्यक्ष हासिल गरी थुप्रै वर्षसम्म अमूल्य सेवा गर्नुहुने लोकदर्शन वज्राचार्य ज्यू, धर्मोदय सभाका अध्यक्ष पदमा मनोनित हुनुहुने पण्डित बद्रीरत्न बद्रीरत्न वज्राचार्य, World Fellowship Buddhism संस्थाका उपाध्यक्ष पदमा मनोनित हुनुहुने पद्मज्योती कंसाकार, World Fellowship Buddhism Youth संस्थाका उपाध्यक्ष पदमा मनोनित हुनुहुने सूरज शाक्य र World Felwwship Buddhism Youth संस्थाका सह कोषध्यक्ष पदमा मनोनित सानुराजा शाक्य आदिले वि.सं. २०६५ साल पौष १ गतेका दिन सम्मान गरिएको थियो ।

(त) पद्मकीर्ति विहारका प्रमुख कमला गुरूमांले पद्मकीर्ति विहार सदा चीरस्थायी रहोस् भन्ने मनोकामना गर्नुभई यस विहार धर्मकीर्ति संरक्षण कोषका अध्यक्ष धम्मवती गुरूमांलाई मिति २०६५/१०/४ का दिन हस्तान्तरण गरि

दिनु भएको थियो। कमला गुरूमांको यस योगदानलाई सबै उपासकोपासिकाहरूको तर्फबाट अनुमोदन गरी साधुवाद प्रकट गरिएको थियो।

(थ) धर्मकीर्ति विहारबाट संचालित स्वास्थ्य सेवामा अमूल्य योगदान दिंदै आइरहनु भएका डा. थीरमान शाक्य दिवंगत हुनुभएकोले मिति २०६५ माघ १३ गतेका दिन उहाँको पूण्यस्मृतिमा धर्मकीर्ति विहार र श्रीघः विहार सुधार समितीको संयुक्त आयोजनामा श्रद्धाञ्जली सभा सुसम्पन्न गरिएको थियो।

(द) धर्मकीर्ति विहार संरक्षण कोष वर्षेनि नवीकरण गर्नुपर्ने कार्यलाई पनि नविकरण गरिँदै आएको व्यहोरा पनि यहाँहरू समक्ष अवगत गरिएको छ।

(ढ) २०६५ साल चैत्र २० गते देखि ३० गते सम्म संचालित भिक्षु ज्ञानपूर्णिक महास्थविर उपसम्पदा ५० वर्ष पुगेको उपलक्ष्यलाई लिई संचालित अभिनन्दन कार्यक्रममा धर्मकीर्ति विहार र पद्मकीर्ति विहारका परिवारहरू सहभागी हुनुभएका थिए। उक्त सप्ताहव्यापी कार्यक्रम मा भाग लिन आउनुभएका विभिन्न देश (लंका, वर्मा, थाइलैण्ड) देशका भन्ते गुरूमांहरू र उपासक उपासिकाहरूलाई धर्मकीर्ति विहारमा चैत्र २५ गते स्वागत गरिएको थियो। पाहुनाहरूलाई स्वयम्भू चैत्य उपहार प्रदान गरी संचालन गरिएको उक्त स्वागत कार्यक्रममा विदेशी भन्तेहरू लगायत कोषका धर्मानुशासक अश्वघोष भन्तेको तर्फबाट पनि धर्म देशना भएको थियो।

(न) यसरी नै २०६५ चैत्र १७ गते कोषका अध्यक्ष धम्मवती गुरूमां र सुलक्षण कीर्तिविहारका अनोजा गुरूमां चीनमा सम्पन्न भएको विश्व बौद्ध सम्मेलनमा सहभागी हुनुभएका थिए।

**(२) धर्मकीर्ति वसुन्धरा विहारको वार्षिक प्रतिवेदन–**
*प्रस्तुती- प्रीतिवती गुरुमां*

- धर्मकीर्ति वसुन्धरामा औंसी र पूर्णिमा पछिको प्रत्येक तृतीया तिथीको दिनमा बुद्ध पूजा र धर्मदेशनाको कार्यक्रम संचालन भइरहेको छ।
- हरेक विहीवारका दिन दिउँसो ३ बजे देखि ४ बजेसम्म ध्यान कार्यक्रम संचालन भइरहेको छ। यसरी नै हरेक महिनाको अन्तिम विहीवारका दिन ध्यान पछि धर्मदेशना कार्यक्रम संचालन भइरहेको छ।
- गुंला महिनामा समयानुकुल मिलाई एकदिने ध्यान शिविर संचालन गरी धर्मदेशना कार्यक्रम संचालन भइरहेको छ।
- समयानुकूल मिलाई बाल ध्यान शिविर संचालन गरिदैं आएको छ।
- हरेक शनिवार बौद्ध परियत्ति शिक्षा अध्यापन गरिँदै आएको छ।

**(३) किमडोल विहारको प्रतिवेदन**
**(निवार्ण मुर्ति-स्वयम्भू) वार्षिक प्रतिवेदन–**

- वैशाख - महीना

२१ गते हरेक महिनाको त्रियोदशिका दिन बुद्ध पूजा हुने

- जेष्ठ - महिना

२० गते सोमवार - महिनाको बुद्धपूजा ७ गते- विहान बुद्ध पूजा र वेलुका दीप पूजाका साथ पट्ठान पाठ।

- आषाढ - महिना

४ गते- ज्या पून्हीको उपलक्षमा "महासमय सुत्र पाठ"
१७ गते महीनाको बुद्ध पूजा

- श्रावण - महिना

३ गते शुक्रवार - गुरूपुन्हि - "धर्म चक्र प्रवर्तन सुत्र पाठ" - उपासक, उपासिकाहरू समेत पाठ भएको।
१५ गते बुद्धवार महिनाको बुद्धपूजा।
९,१०,११ "तेस्रो-पट्ठान,पाली पाठ"
(२४ जना पुज्यनिय गुरुमांहरूवाठ ३६ घण्टा, ३ दिन लगातार पाठ गर्नु भएको। महिनाको बुद्ध पूजा सम्पन्न- १५ गते वुद्धवार)

- भाद्र - महीना

१३ गते शुक्रवार महिनाको साविक बुद्ध पूजा
३० गते वेलुका - दीपपूजाका साथ बुद्ध पूजा

- आश्विन - महिना

११ गते शनिवार महिनाको बुद्धपूजा
२७,२८ श्रीघः पुन्हि - दीप पूजाका साथ बुद्ध पूजा

- कार्तिक - महिना

१० गते- महिनाको बुद्ध पूजा
२८ गते सकिमना पुन्हि - बुद्ध पूजा, पट्ठान पाठ र दीप पूजा

- मंसिर - महिना

१० गते मंगलवार - महिनाको बुद्ध पूजा
२७ गते योमरि पून्हि - वेलुका दीप पूजा साथ बुद्ध पूजा।

- पौष - महीना

१० गते विहीवार - महिनाको बुद्ध पूजा



Downloaded from http://www.dhamma.digital

२७ गते सि पुन्हि - दीप पूजाको साथ वेलुका पट्ठान पाठ ।

● माघ - महिना

१० गते शुक्रवार - महीना बुद्ध पूजा

२७ गते सि पून्हि - वेलुका - पट्ठान पाठ

● फागुन - महिना

१० गते शनिवार - महिनाको बुद्ध पूजा २८ गते होलिपून्हि- वेलुका - दीप पूजाका साथ पट्ठान पाठ (५ वटा पट्ठान किताव समाप्त)

● चैत्र - महिना

११ गते - महिना बुद्ध पूजा

२८ गते ल्हुति पुन्हि - वेलुका दीप पूजाका साथ बुद्ध पूजा

**(४) सुलक्षणकीर्ति विहारको प्रतिवेदन–**

*प्रस्तुती- मदनरत्न मानन्धर*

स्थापना कालदेखि नै प्रत्येक औंसी र पूर्णिमाको पारू गरी महिनाको २ चोटी बुद्धपूजा, धर्म देशना निरन्तर रूपमा हुँदै आइरहेको छ । भने कार्तिक महिनाको कतिं पूर्णिमा देखि- सकिमना पूर्णिमासम्म १ महिना बुद्धपूजा, धर्मदेशना हुँदै आएको छ । प्रत्येक पारूको दिन स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आएकोमा अहिलेकोलागि (हाल) स्थगित भएको छ ।

गत चैत्र १५ गते थाइल्याण्डका श्रद्धेय बोङसोङ भन्तेज्यू को सहयोगमा स्थापित ३८ फिट अग्लो सिदार्थको समुदघाटन गणतन्त्र नेपालका प्रथम राष्ट्रपति सम्माननीय डा. रामवरण यादवज्यूबाट भएको हो ।

यस विहारबाट श्रद्धेय अनोजा गुरूमाँले वर्षको १,२ चोटि बौद्ध तिर्थयात्राका रूपमा चारधाम लगायत वर्मा, थाइल्याण्ड, सिंगापूर, श्रीलंका, मलेसिया आदि विभिन्न देशहरूको भ्रमणमा लग्नुभएको छ । वर्षको १ चोटी 'सुगत सन्देश' पत्रिका प्रकाशित हुँदै आएको छ । र बौद्ध परियति कक्षा संचालन भैरहेको छ । यस विहारबाट अनुकूल समय मिलाएर प्रेसरको तालिम पनि हुँदै आइरहेको छ ।

**(५) पद्मकीर्ति विहार, कमल पोखरीको वार्षिक प्रतिवेदन**

*प्रस्तुती- अनुला गुरुमां*

वि.सं. २०४७ सालमा निमार्ण भएको पद्मकीर्ति विहारमा शुरूमा ३ वटा कोठाहरू थिए भने हाल आएर यस विहारमा ५ वटा अन्य थप कोठाहरू निर्माण गरि ८ वटा कोठाहरू बनिसकेका छन् हाल यहाँ ६ जना गुरूमांहरू रहँदै आउनुभएका छन् ।

यस साल पद्मकीर्ति विहारमा २ वटा कोठाहरू निमार्ण गरिएको छन । यसपाली साप्ताहिक महापरित्राण गरिएको साथै कमला गुरूमा द्वारा पद्मकीर्ति विहार धर्मकीर्ति विहार धर्मकीर्ति संरक्षण कोषलाई हस्तान्तरण गरिएको छ । यस विहारमा प्रत्येक शनिवार बुद्ध पूजा गरिन्छ । भने गुंला महिनामा धर्म देशना र परित्राण पाठ गरिन्छ । यसको साथ- साथै वैशाखमा १ महिना दिन हुँ विहान ध्यान कार्यक्रम संचालन भईरहेको छ । समय समयमा ऋषिनी प्रवज्या कार्यक्रम पनि संचालन हुँदै आईरहेको छ । अन्य कार्यक्रमहरू पनि समय-समयमा संचालन भई रहन्छ ।

॥ भवतु सब्ब मंगलं ॥

**विषय– मनपर्ने गुरु बुद्ध सत्व (शास्ता)**

*२०६६ ज्येष्ठ २ गते ।*

*प्रस्तुती– सुभद्रा स्थापित*

*प्रवचक– श्रद्धेय अश्वघोष महास्थविर*


यसदिन 'मनपर्ने गुरु बुद्ध सत्वको (शास्ता)' विषय प्रवचन दिनु हुँदै श्रद्धेय अश्वघोष महास्थविरबाट भगवान बुद्धको उपदेश अनुसार अरूलाई शिक्षा दिनको लागि पहिला आफू सक्षम, ज्ञान र व्यावहारिक भइसकेपछि मात्र अरूलाई शिक्षा दिन सक्नुपर्छ भन्नुभयो ।

तथागत बुद्ध आफ्नो गुरु आफै भएर विभिन्न पारमिताहरू पुरागरी अन्धविश्वास संस्कारलाई त्यागेर चार दुःख सत्य र आठ आर्य अष्टागिक मार्गातिर लागेर मध्यम मार्गको बाटो अपनाउनु नै दुःख मुक्त निर्माणमा लाग्नु हो भन्नुभयो । त्यही ज्ञान बहुजन हिताय र बहुजन सुखायको लागि प्रचार प्रसार गर्नुभयो ।

विभिन्न प्रकारका दुःखी मन भइरहेकाहरूलाई सुमार्गको ज्ञान दिनुपर्दा जस्तो व्यक्तिको स्वभाव छ उस्तै मिल्ने गरि फकाउन, सम्झाउन पर्ने आदि हेरि-हेरिकन सजिलैसँग जान्ने, बुझ्ने भाषाबाट उपदेश दिनु हुन्थ्यो । जसले गर्दा 'घोप्टो परेको भाँडो उघारिदिने' जस्तो ज्ञान छर्लङ्ग पारिदिनु हुन्थ्यो' त्यस्तो उपदेश दिएर ज्ञानदिनुभएको धेरै कथाहरू उल्लेखित गरिएको पाइन्छ ! त्यसैले तथागत जस्तो गुरु अरू कोही नभएकोले 'मनपर्ने बुद्ध सत्व (शास्ता) भनिएको हुन् ।

'भवतु सब्व मंगलं'

## धर्मकीर्ति विहारमा २५५३ औं बुद्ध पूर्णिमा महोत्सव



श्रीघः न:घल स्थित काशि स्वयम्भू चैत्य परिशरमा विश्वशान्ति कामनागरी शान्ति दीप प्रज्वलीत मनमोहक दृश्य

*२०६६ वैशाख २६ गते। धर्मकीर्ति विहार, श्रीघः न:घः।*

यसदिन २५५३ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा विहान बुद्धपूजा पश्चात् धम्मवती गुरुमांले धर्मदेशना गर्नुभएको थियो। दिउँसो २ बजे गुरुमांहरू र उपाकि



विरामीहरूलाई निरोगी कामना गर्दै फलफूल र विस्कुट वितरण गर्दै

समूहले वीर अस्पताल र मोडेल अस्पतालमा विरामीहरूलाई निरोगी कामना गर्दै फलफूल र विस्कुट प्रसाद वितरण गरिएको थियो। सो पश्चात् धर्मकीर्ति विहारको धम्म हलमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा दिउँसो ४ बजे देखि ५ बजेसम्म सामुहिक विपस्सना ध्यान संचालन गरिएको थियो।

साँझ ५ बजे वीर्यवती गुरुमांले स्मृतिप्रस्थान ध्यान विषयमा धर्मदेशना गर्नुभएको थियो भने ६ बजे बुद्धपूजा र परित्राण पाठ गरिएको थियो। सो पश्चात् ७ बजे साँझ काशि स्वयम्भू चैत्य परिशरमा विश्वशान्ति कामनागरी शान्ति द्वीप प्रज्ज्वलन गरिएको थियो।

### विषय– त्रिबोधी

*२०६५ चैत्र २९ गते।*
*धर्मकीर्ति विहार, श्रीघः न:घः।*
*प्रस्तुती- सुमीत्रा तुलाधर*

यसदिन डा. नरेशमान बज्राचार्यले "त्रिबोधि" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो– बौद्ध क्षेत्रमा ज्ञान प्राप्त गर्ने माध्यम ३ प्रकारका छन्– (१) श्रावक बोधि (२) प्रत्येक बोधि (३) सम्यक बोधि यसलाई त्रिबोध भनिन्छ।

(१) श्रावक बोधि– श्रावक बोधिसत्त्वहरूले आफू र अरूलाई सुमार्गमा लगाउने काम गर्नुहुन्छ। यसको लागि उहाँहरूले ठाउँ-ठाउँमा जानुभई धर्मदेशना गर्नुहुन्छ।

(२) प्रत्येक बोधि– प्रत्येक बोधिसत्त्वहरूले पहिला आफूले प्रत्येक बोधिज्ञान प्राप्त गर्नुहुन्छ। त्यसपछि आफ्नो ऋद्धि प्रर्दशन गर्नुहुन्छ। तर उहाँहरूले अरूलाई उद्धार गर्ने काम गर्नुहुन्छ।

(३) सम्यक बोधि– सम्यक बोधि माथि उल्लेखि २ प्रकारका बोधिहरू भन्दा उच्च एवं श्रेष्ठ बोधि हो। सम्यक बोधिसत्त्वहरूले बहुजन हिताय, बहुजन सुखायका लागि लोकमा कल्याणकारी कार्य गर्नुहुनु।

संसारमा जति पनि वस्तुहरू उत्पन्न हुन्छन्, त्यसमा आफ्नो स्वतन्त्र अस्तित्त्व हुँदैन। उदाहरणको लागि कपडा बुन्नका लागि सबभन्दा पहिला रूखमा मलजल राखी स्याहार्नुपर्छ। अनिमात्र उक्त रूखमा फूल फूल्नेछ। फुलेपछि त्यही फूलबाट कपास निस्किन्छ। कपास निकालेपछि त्यसबाट धागो बनाइन्छ। यसरी यहाँ कपडाको आफ्नो छुट्टै अस्तित्त्व नरहेको देखिन्छ। यसलाई नै प्रतित्यसमुत्पाद भनिन्छ। संसारमा जतिपनि वस्तु उत्पन्न हुन्छन्। ती सबै चतुर्महाभूतबाट बनिएका हुन्छन्। त्यसैले प्राणीहरू पनि



Downloaded from http://www.dhamma.digital

कोही पनि व्यक्ति अन्य कुनै पनि व्यक्तिभन्दा ठूलो र सानो हुँदैन । सबै आ-आफ्नै छुट्टा छुट्टै स्वभावका हुन्छन् । जसरी फुल, रूख, जनावर, पशु पंक्षी आदिको आ-आफ्नै स्वभाव हुन्छन् । सम्यक सम्बोधिहरूले प्राणीहरूलाई २ प्रकारमा रहेको देखाउनु हुन्छ– (१) स्थावर प्राणी– एउटै स्थानमा रहने; फूल, रूख, पहाड आदि र यिनीहरूलाई स्थावर प्राणी भन्ने गरिन्छ । (२) जङ्ग प्राणी– एक स्थानबाट अर्को स्थानमा जानसक्ने प्राणीहरू; पशु, पंक्षी र जनावर आदि ।

सम्यक सम्बोधिहरूले सबै प्राणीहरूलाई समान रूपमा लिनुहुन्छ । सबै प्राणीहरूलाई दुःखी होइन सुखी भएको देख्न चाहन्छन् । सबै प्राणीहरूले मैत्रीपूर्वक, करूणापूर्वक मेलमिलाप गरी जीवन बिताएको हेर्न चाहन्छ । त्यसैले संसारका सबै प्राणीलाई समान रूपले व्यवहार गर्नुहुन्छ । सम्यक सम्बोधियुक्त चित्तमा करूणाले ठाउँ लिनेकुरा उहाँहरूलाई करूणामय पनि भनिन्छ । करूणा नै ज्ञानको प्रतिक हो ।

**धर्मकीर्ति ज्ञानमाला भजन खलःको गतिविधि**

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर ।*

(१) २०६५ फाल्गुण पद्मकीर्ति विहार संरक्षणकोषलाई धर्मकीर्ति बौद्ध ज्ञानमालाले रु. १२,७६५/– रकम चन्दा स्वरूप प्रदान गरिएको छ ।

(२) २०६६ वैशाख १२ गते, धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनलाई नीलशोभा तुलाधर र नीलम तुलाधर पुल्चोककोतर्फबाट एकथान सिडि प्लेयर प्रदान गरिएको छ ।

(३) २०६५ चैत्र ३० का दिन भिक्षु ज्ञानपूर्णिक ५० औं उपसम्पदा दिवसको उपलक्ष्यमा प्रज्ञा भवन कमलादीमा संचालित कार्यक्रममा धर्मकीर्ति ज्ञानमालाको तर्फबाट शुभ कामना गीत प्रस्तुत गरिएको थियो ।

(४) २०६६ वैशाख ४ गतेका दिन त्रिरत्नकीर्ति विहार कीर्तिपुरमा संचालित दोश्रो बौद्ध संगीत जागरण कार्यक्रममा भजन प्रस्तुत । उक्त कार्यक्रममा महिलावर्गलाई हार्मोनियम बजाउन दिई भजन गराउने कार्यक्रममा धर्मकीर्ति ज्ञानमाला भजन समूहको तर्फबाट रीता महर्जनले भाग लिनुभएको थियो ।

(६) २०६६ वैशाख २६ गते वैशाख पूर्णिमाको दिन एकता प्रि इङ्गलीस स्कूल तुन्छे गल्लीमा विश्वमा शान्ति कामना गरी भजन प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रममा एकता स्कूलको उत्तरोत्तर प्रगति कामना गरी धर्मकीर्ति ज्ञानमालाका सचिव प्रेमलक्ष्मी तुलाधर ले ज्ञानमाला भजनको तर्फबाट सम्झनाको चिनो प्रदान गर्नुभएको थियो कोषाध्यक्ष श्याममान बज्राचार्यले खाता ओडाई सम्मान गर्नुभएको थियो । पछि स्कूलका परिवारको तर्फबाट धर्मकीर्ति ज्ञानमाला भजनलाई यसरी चन्दा प्रदान गरी सहयोग गर्नुभएका थिए ।

(क) प्र. अध्यापक उत्तमनारायण श्रेष्ठ – रु. १५००/–
(ख) दामोदर नारायण श्रेष्ठ – रु. ५००/–
(ग) बहिनी – रु. २००/–

(७) २०६६ वैशाख २६ गते वैशाख पूर्णिमाकै दिन तुकंवहाः संरक्षण समिति महिला समूहकी नेत्री तारा शाक्यको आयोजनामा र कमला गुरुमांको नेतृत्त्वमा शील प्रार्थना, बुद्धपूजा र धर्मदेशना गरी धर्मकीर्ति ज्ञानमाला भजन समूहको तर्फबाट भजन प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रममा कमला गुरुमांबाट तुकंबहाःका थकाली हरीनारायण डंगोललाई खाता ओडाई सम्मान गरिएको थियो ।यसरी नै पटाचार गुरुमां र सह-सचिव रामेश्वरी महर्जनबाट धर्मकीर्ति ज्ञा.भ.को सम्झनाको चिन्ह प्रदान गर्नुभएका थिए । उक्त कार्यक्रमकासाथ तुकंबहाःको तर्फबाट धर्मकीर्ति ज्ञानमाला भजनलाई रु. २०००/– चन्दा प्रदान गरी सहयोग गरिएको थियो ।

(८) २०६६ ज्येष्ठ २ गतेका दिन धर्मकीर्ति ज्ञानमाला भजनका सदस्य धर्म महर्जनको ५८ औं जन्म दिनको उपलक्ष्यमा बुद्धपूजा र परित्राण पाठ एवं ज्ञानमाला भजन प्रस्तुत भएको थियो । उक्त कार्यक्रममा धर्मकीर्ति ज्ञानमाला भजनलाई रु. २०५८/– रकम चन्दा स्वरूप प्रदान गर्नुभई पूण्य सञ्चय गर्नुभएको थियो ।

**धर्मकीर्ति विहारमा २६ औं पटकको रक्तदान कार्यक्रम सम्पन्न**

*२०६६ वैशाख १९ गते, शनिवार ।*

*स्थान- धर्मकीर्ति विहार, श्रीघः, नःघः, काठमाडौं ।*

बुद्ध सम्वत् २५५३ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा



Downloaded from http://www.dhamma.digital




२५५३ औं बुद्ध पूर्णिमाको अवसरमा धर्मकीर्ति विहारमा रक्तदान गर्नुहुँदै

धर्मकीर्ति विहारका अध्यक्ष धम्मवती गुरूमाँको उपस्थितमा २६ औं पटकको रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । धर्मकीर्ति विहारको ४४ औं एवं धमकीर्ति वौद्ध अध्ययन गोष्ठीको ३८ औं वार्षिकोत्सवको उपलक्ष्यमा सम्पन्न गरिएको उक्त कार्यक्रम थालनी गर्नु अगाडि बुद्ध पूजा गरिएको थियो ।

आफ्नो शरिरको कुनै हिस्सा त्याग गरि अरूको जीवन बचाउने कार्यलाई बुद्ध शिक्षानुसार दान उपपारमिताको तहमा राखिएको छ । त्यसैले रक्तदान कार्यक्रम २६ वर्ष अगाडि देखि निरन्तर रूपले संचालन गर्दै आइरहेको छ ।

यस अमूल्य कार्यक्रममा विभिन्न निकायको तर्फवाट र ध.वौ.अ. गोष्ठीका सदस्यहरूले आ-आफ्नो क्षेत्रवाट आवश्यक सहयोग पुऱ्याउनु भई पूण्य संचय गर्नु भएका छन् । उहाँहरूको नाम यसरी उल्लेख गरिएका छन्– सहयोगीहरू- अनुपमा गुरूमाँ, विद्या सागर रंजीत, इलन रञ्जित श्रेष्ठ, अरूण सिद्धि तुलाधर (फोटो ग्राफर), सुरेस मूनि शाक्य, अमृत ताम्राकार, दिपक रत्न शाक्य, माया देवी महर्जन, मीन शोभा शाक्य, रोशन काजी तुलाधर, अन्जना तुलाधर, सहना मानन्धर, रमा शोभा कंसाकार, मचा काजी महर्जन (ब्लो दान), राम कुमारी मानन्धर, कमल मैयाँ वज्राचार्य, ज्योति रत्न स्थापित, संस्था– रक्तसंचार केन्द्रका सहयोगीहरू ।

१. डिल्ली अधिकारी (Technician Officer)
२. चन्द्रा गिरी (Technician Nurse)
३. नीरा अधिकारी (Technician Nurse)
४. अरूण आकाश श्रेष्ठ (Laboratory)
५. नारायण श्रेष्ठ (Helper)


धर्मकीर्ति स्वास्थ्य कमिटीका सदस्य स्वयम्भू रत्न तुलाधरको संयोजकत्वमा एवं ध.वौ.अ. गोष्ठीका सदस्यहरूको सहयोग द्वारा संचालित उक्त कार्यक्रममा जम्मा ६३ जना भन्ते, गुरूमाँ, उपासक र उपासिकाबाट रक्तदान गर्नु भएका थिए ।

*रक्तदान गर्नुहुने रक्तदाताहरूको रजिष्ट्रर नम्वर र नामावलीहरू यसरी रहेका छन्–*

| सि.नं | रजिष्ट्रर नं. | रक्तदाताको नाम/थर |
|---|---|---|
| १. | २६६२६ | भिक्षुणी केशावती |
| २. | २६६२७ | सुन्दर पुलामी मगर |
| ३. | २६६२८ | राजभाई तुलाधर |
| ४. | २६६२९ | भिक्षु पमित |
| ५. | २६६३० | मछिन्द्र श्रेष्ठ |
| ६. | २६६३१ | सुरेश श्रेष्ठ |
| ७. | २६६३२ | मदन रत्न मानन्धर |
| ८. | २६६३३ | प्रविण के महर्जन |
| ९. | २६६३३४ | साधना मानन्धर |
| १०. | २६६३५ | श्रृजना वज्राचार्य |
| ११. | २६६३६ | मणीवती |
| १२. | २६६३७ | शिशिल चित्रकार |
| १३. | २६६३८ | अमित जोशी |
| १४. | २६६३९ | शोभित शाक्य |
| १५. | २६६४० | सविन महर्जन |
| १६. | २६६४१ | रीता महर्जन |
| १७. | २६६४२ | सुन्दर रत्न ताम्राकार |
| १८. | २६६४३ | हेरादेवी महर्जन |
| १९. | २६६४४ | दयानन्द शाक्य |
| २०. | २६६४५ | तीर्थ माया महर्जन |
| २१. | २६६४६ | कृष्ण प्रसाद मानन्धर |
| २२. | २६६४७ | राजेश माली |
| २३. | २६६४८ | मंगल दास श्रेष्ठ |
| २४. | २६६४९ | सिद्धार्थ शाक्य |
| २५. | २६६५० | सुवर्ण तुलाधर |
| २६. | २६६५१ | सहनशीला तुलाधर |
| २७. | २६६५२ | स्तुती ताम्राकार |
| २८. | २६६५३ | रेणु मानन्धर |
| २९. | २६६५४ | उद्धवलाल कायस्थ |



Downloaded from http://www.dhamma.digital




२५५३ औं बुद्ध पूर्णिमाको अवसरमा धर्मकीर्ति विहारमा रक्तदान गर्नुहुँदै रक्तदाताहरू

| | | |
|---|---|---|
| ३०. | २६६५५ | उदीप शाक्य |
| ३१. | २६६५६ | विन्दीता शाक्य |
| ३२. | २६६५७ | विनोद जोशी |
| ३३. | २६६५८ | बुद्धिलाल महर्जन |
| ३४. | २६६५९ | मचाकाजी महर्जन |
| ३५. | २६६६० | लजना लक्ष्मी जोशी |
| ३६. | २६६६१ | अनु प्रधान(जोशी) |
| ३७. | २६६६२ | अनिल कुमार जोशी |
| ३८. | २६६६३ | ध्रुव राजकर्णिकार |
| ३९. | २६६६४ | सजना मानन्धर |
| ४०. | २६६६५ | संगीता शाह |
| ४१. | २६६६६ | अनिता महर्जन |
| ४२. | २६६६७ | न्हुच्छे माया महर्जन |
| ४३. | २६६६८ | नन्दा शाक्य |
| ४४. | २६६६९ | नविन के चित्रकार |
| ४५. | २६६७० | नानी मैया महर्जन |
| ४६. | २६६७१ | लक्ष्मी महर्जन |
| ४७. | २६६७२ | राधा मानन्धर |
| ४८. | २६६७३ | माधव प्रसाद खनाल |
| ४९. | २६६७४ | अम्विका महर्जन |
| ५०. | २६६७५ | रोशन माली |
| ५१. | २६६७७ | वण्णवती गुरूमां |
| ५२. | २६६७८ | सुवण्णवती गुरूमां |
| ५३. | २६६७९ | सुरेशमान डंगोल |
| ५४. | २६६८० | कृप्सन मानन्धर |
| ५५. | २६६८१ | रवि श्रेष्ठ |
| ५६. | २६६८२ | युवक कर्माचार्य |
| ५७. | २६६८३ | ओभासवती गुरूमां |
| ५८. | २६६८४ | रवि डंगोल |
| ५९. | २६६८५ | अमिन शाक्य |
| ६०. | २६६८६ | सुसन राज वज्राचार्य |
| ६१. | २६६८७ | प्रमीला कंसाकार |
| ६२. | २६६८८ | अमृत मानन्धर |
| ६३. | २६६८९ | नितु श्रेष्ठ |

यस पालीको रक्तदान कार्यक्रम संचालनार्थ आवश्यक आर्थिक सहयोग एवं रक्तदाताहरूका लागि जूस र वौद्ध झण्डाको वायच उपहार चिन्ह स्वरूप प्रदान गर्नु हुने दाता महारजगंज चक्रपथ निवासी श्री पद्मम रत्न तुलाधर, श्रीमती रञ्जना तुलाधर हुनुहुन्थ्यो ।


यसरी नै रक्तदाताहरूलाई मिठाइ,कोकाकोला, दूध, जूस दान गर्नु हुने दाताहरूको नाम यसरी रहेको थियो– भाई राजा तुलाधर, लक्ष्मी कुमारी, मानिक लक्ष्मी तुलाधर, रत्नदेवी मानन्धर, इन्द्रमान पुचः, किर्तिमैयाँ पुचः, माया महर्जन, अनिता शाक्य, वसुमाया महर्जन, तारा महर्जन, चिनी माया वज्राचार्य, पूर्णहेरा पुच, केशरी शाक्य ।

प्रत्येक वर्ष वैशाख पूर्णिमाको अघिल्लो शनीवारका दिन संचालन हुँदै आइरहेको यस रक्तदान शिविरमा यसपाली रक्तदाताहरूलाई रम्मावती गुरुमाँ (स्टाफ नर्स) ले रक्तचाप नापी सहयोग गर्नु भएको थियो ।

"हरबखत अहिंसामा मन लगाई रहने गौतम बुद्धका शिष्यहरू संधै जागृत भै रहन्छन् ।" - धम्मपद

# धर्म प्रचार — समाचार

## संयुक्त राष्ट्रसंघ भवनमा २५५३ औं बुद्धजयन्ति कार्यक्रम




नेपाल स्थित संयुक्त राष्ट्रसंघ भवनमा बुद्ध पूर्णिमा महोत्सव कार्यक्रमको एक झलक

*प्रस्तुती- मदनरत्न मानन्धर*

*२०६५ बैशाख २६ गते, ललितपुर ।*

सं.रा.सं.ले सन् १९९९ मा पारित प्रस्ताव ५४/११५ अनुसार बुद्धको जन्म, बोधिज्ञानलाभ र उहाँको परिनिर्वाणको त्रिसंयोग दिन वैशाख पूर्णिमालाई अन्तर्राष्ट्रिय मान्यता प्रदान गरि उक्त दिन वैशाख महोत्सव मनाउने निर्णय अनुसार यस वर्षको २५५३ औं बुद्धजयन्ति पनि सं.रा.सं. को नेपाल स्थित कार्यालयमा एक भव्य कार्यक्रम सम्पन्न भएको समाचार छ ।

"शान्ति र निशस्त्रीकरणका लागि राष्ट्र संघका क्षेत्रिय केन्द्र" का निर्देशक श्री ताइजिरो किमा मुराले बुद्धमूर्तिमा पुष्पगुच्छा अर्पण र दीप प्रज्वलन गरि उद्घाटन गरिएको सो कार्यक्रममा उहाँले सं.रा.सं. का महासचिव वान की मूनको सन्देश पढेर सुनाउनु भएको थियो । सन्देशमा श्री मूनले विश्वशान्ति र नि:शस्त्रीकरणका लागि बुद्ध शिक्षाको ठूलो भूमिका रहेको उल्लेख ग्रर्नु भएको थियो ।

भिक्षु प्रज्ञारत्न बाट पंचशील प्रार्थना गराउनुभई बुद्धपूजा गराउनुका साथै धर्मदिशना गर्नु हुदै बैशाख पूर्णिमाको महत्व र सं.रा.सं. को भूमिका बारेमा प्रकाश पार्नु भयो । भिक्षु धर्ममूर्तिले स .रा. सं.ले वैशाख महोत्सव मनाउने परम्परा बारे जान-कारी दिनुभएको उक्त कार्यक्रम अन्त-र्राष्ट्रिय बौद्ध अध्ययन संस्था नेपालका अध्यक्ष श्री प्रेमलाल चित्रकारको सभापतित्वमा सम्पन्न भएको थियो । सभापतिको आसनबाट श्री चित्रकारले सं.रा.सं.को उक्त प्रस्ताव नं ५४/११५लाई पूर्ण रूपमा कार्यान्वयत गर्नु पर्नेमा विशेष जोड दिनु भयो ।

श्री हिरण सिद्धि ब्रजाचार्यबाट धन्यवाद ज्ञापन गरिएको सो कार्यक्रम साहित्यकार सु श्री शशिकला मानन्धरले संचालन गर्नु भएको थियो भने पुण्यानुमोदनबाट कार्यक्रम सकिएको थियो । कार्यक्रम पश्चात उपस्थित सबै भिक्षुगण, लामागुरुहरू, प्रव्रजित गुरुमांहरू र आनीहरू साथै उपासक उपासिकाहरूलाई भोजन प्रदान गरिएको थियो ।



राष्ट्र संघका क्षेत्रिय केन्द्रका निर्देशक श्री ताइजिरो कि मुराले बुद्धमूर्तिमा पुष्पगुच्छा अर्पण र दीप प्रज्वलन गरि उद्घाटन गर्नुहुँदै



Downloaded from http://www.dhamma.digital

**मैत्री बोधिसत्त्व महाविहारमा बुद्धपूजा र धर्मदेशना**

*२०६६ वैशाख ९ गते, स्थान- जमोबहाल ।*

यसदिन पञ्चशील प्रार्थना र बुद्धपूजा पश्चात् वीर्यवती गुरूमांले धर्मदेशना गर्नुभएको थियो । स्वयम्भू ज्ञानमाला भजन समूहको तर्फबाट ज्ञानमाला भजन प्रस्तुत गरिएको उक्त कार्यक्रममा उपस्थित हुनु भएका सबै सहभागीहरूलाई जलपान दान गरी पूण्य सञ्चय गर्नुहुने दाताहरूको नाम यसरी छ– डा. भवानी ढुंगाना, ताराकेशरी ढुंगाना प्रमुख सपरिवार ।

**२५५३ औं बुद्ध पूर्णिमाको दिनमा भगवान् बुद्धको अस्थिधातु प्राप्त भएको**

*२०६६/१/२६, नगदेश बुद्ध विहार ।*

शान्तिका महानायक , महाकारूणिक, तथागत गौतम बुद्धको वोधिसत्त्व सिदार्थको रूपमा लुम्बिनीमा जन्म, ३५ बर्षको उमेरका बुद्धगयामा सम्बोधि लाभ एवं ८० वर्षको उमेरमा कुशीनगरमा महापरिनिर्वाण जस्ता त्रीसंयोग परेको बैशाख पूर्णिमाको दिनमा नगदेश बौद्ध समूहका अध्यक्ष न्हुच्छे कुमार संकेमनको अध्यक्षतामा सुसम्पन्न भएको थियो । कार्यक्रममा समूहमा कोषाध्यक्ष रामभक्त हाँयजुले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । यसरी नै समूहका सचिव कृष्ण कुमार प्रजापति, कार्यक्रमका अतिथीहरू विष्णु रत्न शाक्य, सानुभाई डंगोलले पनि आआफ्नो मन्तव्य व्यक्त गर्नुभएको थिए । अर्को अतिथी श्रद्धेय केशावती गुरूमां, खेमावती गुरूमांले उहाँहरूले मित्रराष्ट्र थाईलैण्डका श्रद्धेय भन्तेज्यूबाट प्राप्त भएको अस्थि धातु.. धर्मोपदेश गर्नुभइ उक्त पवित्र अस्थिधातु नगदेश बुद्ध विहारलाई प्रदान गर्न पाएको मा संतोष व्यक्त गर्नु भएको थियो। उक्त कार्यक्रममा बौद्ध ल्यायम्ह पुच: नगदेशका अध्यक्ष शिव भक्त मेजुले उपस्थित अतिथी लगायत सबैलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

**दान गरेको आँखाहरू सफल प्रत्यारोपण भएको**

उपासिका समी राजकर्णिकारको ३६ बर्षको उमेर मा गत २०६६ बैशाख ३० गते देहावसान भएको लगतै मृतककी परिवारजन आमा बाबुको सहमतिमा घरमै दुबै आँखा दान गर्ने कार्य सम्पन्न गरीयो, दान गरेका आँखाहरू भोलीपल्ट नै तीलगंगा आँखा प्रतिष्ठानले काठमाण्डौ उपत्यका भित्रका निवासीहरू मध्ये एउटा आँखा कपनका २२ बर्षीय "घिमिरे" थरका युवकलाई सफल प्रत्यारोपण गरियो भने अर्को आँखा ऐतिहासिक स्थल बुङ्गमतिका ४५ बर्षीय "कार्की" थरकी प्रौढ महिलालाई सफल प्रत्यारोपण गरेको बुझिन आएको छ । उक्त पुनिंत कार्यको पूण्यानु भावले मृतक समी राजकर्णिकारले सद्‌गति निर्बाण प्राप्त गर्न हेतु बनोस् भनी कामना समेत गरीएको छ ।

**२५५३ औ बुद्ध पूर्णिमा महोत्सव सम्पन्न**

*२०६६ वैशाख २६ गते ।*

नेपाल अधिराज्यमा यसपालि २५५३ औं बुद्ध पूर्णिमा महोत्सव विभिन्न कार्यक्रहरू संचालन गरी भव्यरूपमा यसरी मनाइएको छ ।

(क) **काठमाडौं**

(१) आनन्दकुटी विहार, स्वयम्भू–

बुद्ध जयन्ती समारोह समितिद्वारा आयोजित सार्वजनिक सभामा श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर ले पञ्चशील प्रार्थना गराउनु भएको थियो । उक्त दिन आनन्दकुटी विहार परिसरमा भगवान बुद्धको अस्थिधातु प्रदर्शन गरिएको थियो । विहारमा आयोजित सार्वजनिक सभालाई राष्ट्रपति रामवरण यादवले पठाउनु भएको सन्देशमा बुद्ध, जन्मस्थल नेपालप्रति हामीले गौरव गर्नुपर्ने कुरा उल्लेख गर्नुभएको थियो ।

यसरी नै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दिनुभएको शुभकामना सन्देशमा बुद्धका उपदेशहरू साम्प्रदायिक सङ्कीर्णता भन्दा धेरै माथि मानव मूल्य मान्यतालाई सर्वोपरि राख्न र प्रकृतिसंगको सामीप्यताको पक्षपोषण गर्ने मात्र नभई उनका विचार वास्तवमा वर्ण, वर्गभेद विरोधी पनि भन्नुभएको छ ।

पर्यटक तथा नागरिक उड्डयन मन्त्री हिसिला यमीको प्रमुख अतिथ्यमा संचालित उक्त कार्यक्रममा नेपालका लागि श्रीलंका, थाइलैण्ड, दक्षिण कोरीया लगायत देशका राजदूतहरूको संहभागिता रहेको थियो ।

**भगवान बुद्धको आस्थिधातु यात्रा–**

धर्मोदय सभाको आयोजनामा बसन्तपूरबाट विभिन्न जातीय समुदायको सहभागितमा एक वृहत समारोह आयोजना गरी ३२ टोलका ज्यापू समुदायले धुन्या, घिमे, र बाँसुरीको धुन सहित भगवान् बुद्धको अस्थिधातु बग्गीमा राखी वसन्तपुर कोहिटी, लगन ह्यूमत, भिमसेनस्थान मरू, यट्खा, नरदेवी, असन इन्द्रचोक लगायतका स्थानको परिक्रमा गरिएको थियो ।

यसरी नै वसन्तपूरमा पतञ्जली योग केन्द्रले प्रवचन ब्रह्म कुमारी राजयोग सेवा केन्द्रले एक धार्मिक कार्यक्रमको

आयोजना गरेको थियो भने सोल्टीमोड व्यापारिक समाजले शुद्ध एस.रौनियारका संयोजकत्त्वमा..भोजन गराई सडक बालबालिकालाई आवश्यक सरसामान बितरण गरिएको थियो। यसको साथै वाफल टोल सुधार समितिले आयोजित रक्तदान कार्यक्रममा १६ जना व्यक्तिले रक्तदान गर्नुभएका थिए।

**विश्वशान्ति विहार, नयाँ बानेश्वर–**

भोजपूर तक्सार शाक्य समाज, चैनपुर शाक्य समाज, विश्व शान्ति विहार एवं टक्सार सेवा समाजको संयुक्त तत्त्वावधानमा १०१ सदस्यीय २५५३ औं बुद्ध जयन्ती समारोह समिती गठन भई विश्वशान्ति विहारमा साप्ताहिक कार्यक्रमको आयोजना गरी सम्पन्न गरिएको समाचार छ।

समितिका सदस्य श्री गंगा शाक्यको संयोजकत्त्वमा विश्व शान्ति विहारका भिक्षु श्रामणेरहरूको तर्फबाट नयाँ वानेश्वर क्षेत्रको भित्री भागमा भिक्षाटन कायक्रम सम्पन्न गरिएको थियो। सुन्दर शाक्यको संयोजकत्त्वमा वैशाख २५ गते अपरान्ह १ बजे विहारकै प्रार्थना कक्षभित्र अन्तर मा.वि. बौद्ध कविता प्रतियोगिता संचालन गरियो। उक्त प्रतियोगितामा वानेश्वर क्षेत्रका १० वटा विद्यालयहरूबाट जम्मा १८ जना छात्र छात्राहरू सहभागी भएका थिए। श्रामणेर भिक्षु उचारोको प्रमुखतामा पञ्चशील प्रार्थनाबाट शुभारम्भ गरिएको सो प्रतियोगितामा सरू श्रेष्ठ, भ्याली भ्यू ई. स्कुलका नम्रता पाण्डे, भि.एस. निकेतन उ.मा.वि; मनोज राना सान्त्वना मेमोरियल एकेडेमी क्रमश: प्रथम, द्वितीय। तृतीय भएका थिए भने सृजना गौतम, नारायण एकेडेमीले सान्त्वना पुरस्कार प्राप्त गर्न सफल भएका थिएँ। समारोह समितिका सह-सचिव प्रदीप शाक्यद्वारा स्वागत अभिनन्दन गरिएको उक्त कार्यक्रम कविता उपसमिती सदस्य श्री भिम शाक्यले संचालन गर्नुभएको थियो।

बुद्ध जयन्तिको प्रमुखदिन वैशाख २६ गते बिहान ७ बजे विभिन्न विद्यालयका शिक्षक शिक्षिका एवं विद्यार्थी लगायत सयौं उपासकोपासिकाहरू सम्मिलित विविध बौद्ध वाजागाजाको साथमा बुद्ध प्रतिमाको शोभायात्रा गरिएको थियो। उक्त शोभा यात्रा करीब ९.३० बजे विश्व शान्ति विहार प्राङ्गणमा पुगी सार्वजनिक बौद्ध सभामा परिणत भएको थियो।

भिक्षु ज्ञानपूर्णिक महास्थविर सम्मुख सामूहिक बुद्धपूजा एवं पञ्चशील प्रार्थनावाट औपचारिक कार्यक्रमको आरम्भ पछि एक्त सभामा पूज्य भन्तेबाट धर्मदेशना भएको थियो। उक्त अवसरमा समारोह समितिका उपाध्यक्षद्वय बुद्ध दाश शाक्य एवं दुर्गाशाक्यले क्रमश: स्वागत अभिवादन तथा धन्यवाद ज्ञापन गर्नुभएको थियो। साथै विविध कार्यक्रममा सहभागी विद्यालयहरूलाई सभामा अध्यक्ष श्री प्रेमलाल श्रेष्ठज्यूले सहभागीताको प्रमाण पत्र प्रदान गर्नुभएको थियो भने कबिता प्रतियोगितामा विजयी छात्रछात्राहरूलाई पूज्य भन्तेबाट पुरस्कृत गरिएको थियो।

वैशाख २५ गते बिहान ज्ञानमाला भजन सहित बुद्धपूजा र भद्दिय भन्तेवाट धर्मदेशना सम्पन्न भएको थियो।

अन्त्यमा पूण्यानुमोदन गरी समापन गरिएको उक्त कार्यक्रमा भन्ते गुरुमां संघलाई दानप्रदान गरिएको थियो।

**(ख) भक्तपूर**

(१) २५५३ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा मैत्रेय युवा संघको आयोजनामा बालबालिकाको व्यक्तित्त्व र प्रतिभा विकास गर्नको लागि एक वकतृत्त्व कला प्रतियोगिता सम्पन्न भएको थियो। भिक्षु संघरक्षितको प्रमुख अतिथिमा सम्पन्न उक्त कार्यक्रममा १० जना प्रतियोगीहरूले भाग लिएका थिए। जयकीर्ति विहार थथुवहीमा सम्पन्न उक्त प्रतियोगितामा प्रथम हुन सफल सुलोचना कोजु र द्वितीय हुन सफल विशाखा शाक्य, तृतीय हुन सफल प्रमिला धुंर.. र शान्त्वना पुरस्कार प्राप्त गर्न सफल निलम धुख्वा हुन हुन्थ्यो। "पूजा गर्न योग्य व्यक्तिहरूलाई पूजा गर्ने" भन्ने मंगलको विषयमा संचालित उक्त वकतृत्त्व कला प्रतियोगिताको निर्णायक मण्डलमा कृष्णकुमार प्रजापति र लक्ष्मी चन्द्र वज्राचार्य र हनु भएका थिए। प्रतियोगितामा विजयी विद्यार्थीहरू लगायत सहभागीहरूलाई प्रमाणपत्र, पुरस्कार र नगद उपहार पनि प्रदान गरिएको थियो ।

पञ्चशील प्रार्थना पश्चात् शुरू गरिएको उक्त कृष्ण चन्द्र वज्राचार्यले स्वागत भाषण गर्नु भएको थियो भने सविना वाटिले धन्यवाद ज्ञापन गर्नुभएको थियो। तीर्थ राज वज्राचार्यको सभापतित्त्वमा सम्पन्न गरिएको उक्त कार्यक्रम रसना वज्राचार्यले संचालन गर्नु भएको थियो।

(२) २५५३ औं बुद्ध जयन्तिको उपलक्ष्यमा बौद्ध समकृत विहारबाट भातृफेरी को कार्यक्रम संचालन गरिएको थियो र सो पश्चात बुद्ध पूजा, भिक्षु धम्मशोभन महास्थविरबाट धर्म देशना भएको थियो।

यसरी नै दिउँसो मुनि विहारबाट बुद्ध प्रतिमा सहित शान्तियात्राको क्रममा भक्तपुर नगर परिक्रमा गरिएको



Downloaded from http://www.dhamma.digital

थियो । यस कार्यक्रममा विभिन्न संस्थाहरू, गुंला बाजा, धिमे बाजा,ज्ञानमाला भजन खल: आदि सहभागी हुनुभएका थिए । यही क्रममा भक्तपुर बौद्ध सम्पदा संघको तर्फबाट जयकीर्ति विहार (थथुवही) मा बुद्ध जीवनी सम्वन्धी बृत्त चित्र प्रस्तुत गरियो । साँझपख मैत्रेय युवा संघले दिपावली, बुद्धपूजा र परित्राण पाठ पनि गरिएको थियो ।

(ग) **कीर्तिपूर**

२५५३ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा त्रिरत्नकीर्ति विहार कीर्तिपूर र लायन्स आँखा उपचार केँन्द्र मीनभवनको संयुक्त तत्त्वावधानमा एक दिने निशुल्क आँखा जाँच शिविर सम्पन्न भएको थियो । शिविरमा कूल २२२ जना व्यक्तिहरूको आँखा परिक्षण गरी निशुल्क औषधी वितरण गरिएको कुरा समाचारमा उल्लेख गरिएको छ । परिक्षण गरिएमा विद्यार्थीहरू मध्ये जम्मा २१ जना विरामीहरूमा मोतिया विन्दु रोग पत्ता लागेको कारणले उनीहरूलाई निशुल्क अपरेशन गरिदिने कुरा पनि थाहा हुन आएको छ ।

(घ) **लुम्बिनी-**

भगवान बुद्धको जन्मस्थल लुम्बिनीमा विविध कार्यक्रमका साथ २५५३ औं बुद्ध पूर्णिमा महोत्व सम्पन्न गरिएको थियो । मायादेवी मन्दिर लगायत अन्य विभिन्न विहारहरूमा दीप प्रज्वलन गरी बुद्धपूजा र भजन गरिएको थियो । यसरी नै बुद्ध-मूर्तिलाई सजाई रथमा राखी प्रभातफेरि गरिएको थियो । लुम्विनी विकास कोषद्वारा आयोजित उक्त कार्यक्रममा कोषले विभिन्न प्रतियोगिता र्‍यालीको आयोजना पनि गरिएको थियो ।

यसरी नै भैरहवामा दुई युवा पत्रकारहरूले भगवान बुद्ध र उनको जीवनसंग सम्वन्धित स्थलहरूको फोटो प्रदर्शनी गरिएको थियो । प्रदर्शनीको उद्‌घाटन अर्न्तराष्ट्रिय बौद्ध भिक्षुहरूले सामूहिक रूपमा गर्नुभएका थिए । उक्त प्रदर्शनमा लुम्बिनी, कपिलवस्तु, देबदह र रामग्राम क्षेत्रमा ५८ वटा तस्विर राखिएका थिए ।

(ङ) **तनहुँ**

२५५३ औं बुद्ध जयन्तीको उपलक्ष्यमा बौद्ध-सदन तनहुँले दमौलीमा शान्ति र्‍याली निकालिएको कुरा समाचारमा उल्लेख गरिएको छ ।

व्यानर / प्लेकार्ड सहित निस्केको जुलुसले बीसघेर, मालपोत लाइन, सफासडक, भोर्लेटार चोक, गणेशचोक हुँदै अन्त्यमा सभामा परिणत भएको थियो ।

झाँकी सहित निस्केको उक्त र्‍यालीमा गुरूङ्ग भेषभुषामा सजिएका हजारौं नानारीको सहभागिता थियो ।

(च) **बीरगंज**

बीरगंज बौद्ध समितिले माइस्थानबाट निकालेको जुलुस मेनरोडबाट पानीटंकी हुँदै भिषुवा चैत्य पुगेर बुद्ध मूर्तिमा पूजा र प्रार्थना पश्चाप्त समापन गरिएको समाचारमा उल्लेख गरिएको छ । यसरी नै वीरगंज बुद्धपूजा समितिद्वारा निकालिएको जुलुस नगरको विभिन्न स्थानमा परिक्रमा गरी अलखियामठ पुगेर समापन भएको थियो ।

(छ) **कपिलवस्तु**

२५५३ औं बुद्ध जयन्तिको उपलक्षमा वैशाख २४, २५, २६, र २७ गते चार दिनसम्म विभिन्न कार्यक्रम गरी बुद्ध जयन्ति महोत्सव मनाइएको थियो । राजा शुद्धोदनको दरवार तिलौराकोट निग्रोधाराम कुदान, कपिलवस्तु नगर पालिका भित्र रहेका विभिन्न गुम्वा, विहार आदि स्थानहरूमा सरसफाई र दीपावली गरी मनाइएको थियो । बुद्ध जयन्तिकै अवसर पारि अन्तर मा.वि. हाजिरी जवाफ प्रतियोगिता कविता, प्रतियोगिता, नाटक प्रदर्शन, वक्तृत्त्वकला अनाथ बालबालिका तथा अस्पतालका विरामीलाई फलफुल वितरण गरिएको कुरा समाचारमा उल्लेख गरिएको छ ।

## महापरित्राण पाठ सम्पन्न

*२०६६ जेठ २, बागबजार, काठमाडौं*

नेपाल लगायत विभिन्न विदेशहरूमा समेत कलात्मक पिण्ड पात्र विगत १६ वर्ष अगाडि देखि दान गर्दै आउनुभएका दाता जीवरत्न स्थापितले यसपाली आफ्नै निवास स्थान आयोजना गरी वागवजारमा भिक्षु महासंघको तर्फबाट महापरित्राण पाठ प्यूटारको टासी छयोइ खोलिंग गुम्बालाई ३२ इन्चको बुद्ध मूर्ति दान गर्नु भएको थियो । उहाँले दिनुभएको तालिका अनुसार हालसम्म उहाँले ७६ वटा पिण्डपात्र दान दिईसक्नु भएको छ । पहिलो पटक २०५१ साल माघ ७ गते आफ्नो जन्मदिनको शुभ उपलक्ष्यमा ज्ञानमाला भजन खल:स्वयम्भूका अष्टमङ्गल चित्रांकित १४" १४" डायमिटर (१३ किलो चामल अटाउने) तामाको कलात्मक पिण्डपात्र दान दिएर यस कार्यलाई शुभारम्भ गरी निरन्तर यस कार्यलाई अगाडी बढाउँदै आउनुभएका उहाँ दाताले २०६६ वैशाख २६ गतेका दिन आनन्द कुटी विहारमा ७६ औं पटकको पिण्डपात्र दान गरेको कुरो उहाँले बताउनु भएको छ । स्मरणिय रहेको छ, आनन्द कुटी विहारमा २०५७ पौष १९ गते दान गरिएको पिण्डपात्र चोरी भएको कारणले पुन:२०६६ साल वैशाख २६ गते

उक्त विहारमा पिण्ड पात्र दान गरिएको थियो ।

यी ७६ वटा पिण्ड पात्रहरू, ताइवान, भारतको कुशीनगर बुद्ध परिनिर्वाण स्थल, भारतको बुद्धगया, भारतको सारनाथ, थाइलैण्डको Wat sraket vihares Golden Mount, बर्माको Burma Nepal vihar Myanmar, Rangoon श्रीलंका Soutu Korea, Japan समेत गरी जम्मा ९ वट पिण्डपात्रो विदेशमा दान गरिसकेको कुरा थाहा हुन आएको छ ।

आफूलाई गुलुपा: रत्न अर्थात पिण्डपात्र रत्नको नामले चिनाउन, औधी रूचाउनु हुने दाता जीवरत्न स्थापितले आयोजना गर्नुभएको उक्त महापरित्राण पाठ कार्यक्रममा बुद्धपूजा, धर्मदेशना र महापरित्राण पाठ सम्पन्न गरिएको थियो । कार्यक्रममा निमन्त्रित सबै भन्ते गुरुमांहरूलाई जलपान भोजन दान गरिनुका साथै अष्टपरिस्कार दान गरी विभिन्न सरसामान दान गरिएको थियो ।

## मगर समाज द्वारा विहार स्थापना

*प्रस्तुती- भिक्षु गौतम ।* यसोधरा र भाइधार झापा मेची अञ्चलको तीर्थस्थलमा यसोधरा वौद्ध विहार स्थापना भएको छ । विहार वनाउनको लागि जग्गाको लागी दु:ख सुख खपेर हरेक प्रकारको तगाराहरू पारगर्दै चारकटा जमिनको लागी योगदान पुऱ्याउनु हुनेहरूमा शोभा आलें मगर, साथै मनिकुमार पिठकोते मगर, मन बहादुर राना मगर, हुनुहुन्छ । विहार अध्यक्ष चन्द्र वहादुर लुङ्गेली मगर हुनुहुन्छ । यहि २५५३ औं बुद्धजयन्तीको अवसरमा २०६६/१/२४ वैशाख देखी २६ गते सम्मको लागी ३ जना श्रामणेर प्रव्रज्या ३ दिनेमगर समाजको पहिलो ऐतिहासिक अल्पकालिन दुर्लभ प्रव्रज्या एवं बुद्ध पूजा ध्यान भावना शिविर सम्पन्न गरिएको थियो ।

यहि २५५३ औं बुद्धजयनतीको अवसर पारेर यसोधरा वौद्ध विहार २६ गते नै श्रद्धेय भिक्षु गौतम द्वारा उद्‌घाटन गरिएको थियो । श्रामणेर प्रव्रज्या कार्यक्रम विहार संरक्षक जंगवहादुर लुङ्गेली मगर वौद्ध धर्म उपासक उपासिकाको सहयोगमा सम्पन्न भएको थियो । मगर समाजको लागी नमुना झापाली समाजमा बुद्ध शिक्षाको अध्ययन गर्ने बुद्ध शिक्षा मगर समाजमा पुऱ्याउने जोशिलो जांगर उद्देश्यले यस विहारको निमार्ण गरिएको हो । मगर समाजमा पनि बुद्ध धर्म फैलिरहोस भनि श्रद्वेय भिक्षु गौतमले धर्मदेशना गर्नु भएको थियो । बजार परिक्रमा गराई कार्यक्रम सपन्न गरिएको थियो ।

## परियत्ति विद्यार्थी पिन्त जलपान भोजन

थ्वहे वैशाख ५ गते भोंतया बोधिचर्या विहार स्वयम्भू धर्म पासा: पुच: या ग्वसालय निक्व:गु बुद्ध पूजा: धर्म देशना या ज्याझ्वलय् परियत्ति शिक्षा अध्ययन याना च्वंपिं विद्यार्थी पिन्त जलपान भोजन याकूगु जुल । उगुहे ज्याझ्वलय् पुच:या नायो पुष्प रत्न तुलाधर या सभापतित्वय न्हयागु ज्याझ्वलय् प्रकाश तुलाधर जूं लसकुस न्वचु वियादिल पुच: या छ्यूाँञ्जे पुष्प मान डंगोल, स्वयम्भू ज्ञानमाला भजन खल:या छ्यूाँञ्जे रमेश मानन्धर व वोधिचर्या विहार या बुद्धरत्न मानन्धर जु पिसं थ:थगु नुग: खँ प्वंकादिल । उगु ज्याझ्वलय् परियत्ति शिक्षा अध्ययन याना च्वंपि विद्यार्थी पिन्त ग्वाहाली जुइमा धका पासा पुच: पाखें परियत्ति सफू भिक्षु बोधिसेन महास्थवीर जु यात ल: ल्हाना विज्यात सा अन झापिं दातापिनि पाखें परियत्ति ब्वना च्वंपि विद्यार्थी पिनिगु लागि कापि, कलम,दाँ, व भन्तेया लागि २ पा कुसा नं ल:ल्हाना दिगु जुल । भन्ते नं पूण्यानुमोदन याना सभा क्वचायेकुगु जुल । अन झा:पिं सकल सित जलपान भोजन याकूगु जुल । थ्वयान्हयों थसिया सिद्धि मंगल विहारय्नं बुद्ध पूजा: धर्म देशना लिपा अन परियत्ति अध्ययन याना च्वंपिं विद्यार्थीपिन्त सफू दाँ ग्वाहालि व जलपान भोजन याकूगु जुल ।


।। आरोग्या परमालाभा, सन्तुट्ठि परमं धन, विस्सासा परमञाति, निब्बानं परमं सुखं ।।

*सम्यक् सम्बुद्ध प्रति नतमस्तक हुँदै स्वास्थ्य सेवामा समर्पित धर्मकीर्ति विहारको शनिवारीय क्लिनिकबाट लाभ लिनुहोस् ।*

प्रत्येक महिनाको

| | | | |
|---|---|---|---|
| पहिलो शनिवार | डा. योगेन्द्रमान शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००– ९:३० |
| दोस्रो शनिवार | डा. मोतिराज वज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| तेस्रो शनिवार | डा. विजयलाल श्रेष्ठ | डाइवेटिक विज्ञ | ८:३०–१०:०० |
| चौथो शनिवार | डा. मोतिराज वज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| प्रत्येक पूर्णिमा | डा. सुरेन्द्र शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००–१०:३० |

धर्मकीर्ति स्वास्थ्य कमिटी, श्री:घ: विहार




Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसं वूप समोसुखो ॥



*जन्मः*
*वि.सं. १९६८*

*दिवंगतः*
*वि.सं. २०६६ ज्येष्ठ ७ गते)*

## दिवंगत धर्मरक्षिता गुरुमां

रत्नमाया शाक्य वि.सं. २०४९ ज्येष्ठ ४ गते वैशाख पूर्णिमाको दिन गृहत्याग गरी धर्मरक्षिता गुरुमां हुनुभएको थियो । संघाराम विहार निर्माण गरी बुद्ध शासन चिरस्थाई तुल्याउन अमूल्य योगदान पुऱ्याउँदै आउनुभएकी गुरुमां धर्मरक्षिता २०६६ ज्येष्ठ ६ गते राती दिवंगत हुनुभएकोले अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपालको तर्फबाट उहाँको पूण्य स्मृतिमा मैत्रीपूर्ण पूण्यानुमोदन गरिएको छ ।

**धर्मकीर्ति विहार परिवार**
**अन्तर्राष्ट्रिय भिक्षुणी संघ, नेपाल**
श्रीघः नःघः, काठमाडौं ।

Dhamma Digital

### धर्मोदय बुद्ध बौद्ध-सभा सम्पन्न

*२०६६ बैशाख १९ गते, शनीवार*
*विश्वशान्ति विहार, नयाँ वानेश्वर ।*

धर्मोदय सभा, बुद्ध विहार भृकुटी मण्डपको आयोजनामा यसदिन भगवान बुद्धको जन्म, बोधिज्ञान लाभ तथा महापरिनिर्वाण भएको २५५३ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा सम्माननिय सभामुख श्री सुभाषचन्द नेम्वाङ्ग ज्यूको प्रमुख आतिथ्यमा धर्मोदय बुद्ध बौद्ध सभा सम्पन्न भएको समाचार छ ।

### नीला पारेख निलुप्पल थेरी बनिन्

*०६६ ज्येष्ठ ४ गते ।*
*अमरापुर बुद्ध विहार, बुंगमती ।*

अरूणा पारेख र शांतिलाल पारेखकी सुपुत्री गुजरात, भारत निवासी ४३ वर्षिया नीला पारेख स्थायी रूपमा प्रव्रजित गुरुमां बनिन् । भिक्षुणी सुजाताको उपाध्यायत्त्वमा प्रव्रजित गुरुमां बनेकी निलुप्पल थेरी हाल अमरापुर बुद्ध विहारमा रहनुहुने कुरा बुझिएको छ ।

### भिक्षु अश्वघोषयात भाषाथुवाः उपाधि

कवि केशरी चित्तधर "हृदय" या सच्छि व स्वदँ बुद्धिं हनेकथं नेपालभाषा परिषदं छगू ज्याझ्वः हंगु बुखँदु । प्राप्त बुखँ कथं उगु ज्याझ्वलय् नेपालभाषा परिषदपाखें थीथी व्यक्तित्त्वपिन्त थीथी सिरपाः व सम्मानं विभूषित याइगु खः । फणिन्द्ररत्न वज्राचार्यया सभापतित्त्वय् व शान्तदास मानन्धरया मू पाहाँसुई परोपकार उच्च मा.वि.सन्त्याकूगु उगु ज्याझ्वलय् मानार्थ भाषाथुवाः उपाधि भिक्षु अश्वघोष महास्थविरयात, रत्नगोपाल साँय्जुयात चित्तधर सिरपाः, व मुनिन्द्ररत्न वज्राचार्ययात ठाकुरलाल सिरपाः लःल्हाःगु खः ।

**धर्मकीर्ति विहामा बुद्धपूजा र धर्मदेशना**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६६/१/१९ | वीर्यवती गुरूमां | सयादो उ सामराभिवंस अनु.- भिक्षु ज्ञानपूर्णिक |
| २०६६/१/२६ | खेमावती गुरूमां | धम्मवती गुरूमां |
| २०६६/१/१ | चमेली गुरूमां | चमेली गुरूमां |
| २०६६/१/३ | कुसुम गुरूमां | कुसुम गुरूमां |
| २०६६/१/१० | केशावती गुरूमां | केशावती गुरूमां |

# शुभ-कामना !



**श्रद्धेय भिक्षु अश्वघोष महास्थविर**

धर्मकीर्ति बौद्ध मासिक पत्रिकाका प्रधान सम्पादक,
धमकीर्ति बौद्ध अध्ययन गोष्ठी एवं
धर्मकीर्ति विहार संरक्षण कोषका धर्मानुशासक
**पूज्य भिक्षु अश्वघोष महास्थविरको ८३ औं जन्मोत्सवको**
उपलक्ष्यमा उहाँले बुद्ध शासनिक क्षेत्रमा पुऱ्यानुभएको
अतुलनीय योगदानलाई स्मरण गर्दै
उहाँको आयु आरोग्यको कामना गर्दछौं ।

**धर्मकीर्ति संरक्षण कोष**
**धर्मकीर्ति मासिक पत्रिका**
**धर्मकीर्ति स्वास्थ्य कमिटी**
**धर्मकीर्ति शिक्षा सदन**
**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन**
**अल्पकालिन प्रव्रज्या उप-कमिटी**
**अडियो-भिजुयल उप-कमिटी**
**धर्मकीर्ति विहार परिवार**

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४४३४८५०, ४४१४७९३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं । फोन: ४२५९०३२, ४२५१४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital